# जिल्ला विकास योजना, पाल्पा

## (आर्थिक वर्ष २०७०/०७१)

सम्पादन सल्लाहकार
**दीर्घ बहादुर पोखरेल**
**स्थानीय विकास अधिकारी**

सम्पादक मण्डल

| | |
|---|---|
| **भिमार्जुन पाण्डे** | **प्रमुख जिल्ला ईन्जिनियर** |
| **श्यामसुन्दरमान श्रेष्ठ** | **उपसचिव लेखा** |
| **पुष्कर भट्टराई** | **यो.अ.तथा प्र.अ.** |
| **विनोद नेपाल** | **कार्यक्रम अधिकृत** |
| **यादव न्यौपाने** | **लेखा अधिकृत(आलेप)** |
| **प्रेम नारायण वस्याल** | **ईन्जिनियर** |
| **टुकराज पाण्डे** | **शाखा अधिकृत** |
| **भुवन के.सी.** | **लेखापाल** |
| **विष्णु प्रसाद ढकाल** | **ना.सु.** |
| **राम प्रसाद पाण्डे** | **ना.सु.** |
| **तरा बहादुर खत्री** | **खरिदार** |

कार्यकारी सम्पादक

| | |
|---|---|
| **दुर्गा बहादुर थापा** | **कार्यक्रम अधिकृत** |

कम्प्यूटर ले-आउट
**शिव आत्रेय-क.अ.** (ना.सु.)
**कृष्ण बहादुर थापा-टाईपिस्ट** (ना.सु.)
**हरि प्रसाद शर्मा- खरिदार**


प्रकाशक
**जिल्ला विकास समिति**
**सूचना अनुसन्धान तथा प्रकाशन शाखा, पाल्पा**
**फोन नं. ०७५-५२०४२४, ५२०९८३, ५२०२७४, ५२००२९**
**फ्याक्सः ०७५-५२०२९२, इमेलः** palpaddc@gmail.com.np
**वेवसाईट :** www.ddcpalpa.gov.np


PALPA DISTRICT
ILAKA DISTRIBUTION
N
W
E
S
SIDDHESHWOR
BHUWANPOKHARI
SOMADI
KHYAHA
ARGALI
BAUGHA GUMHA
KHANIGAU
YAMGHA
DEURALI
BOUGHAPOKHARATHOK
DARLAMDADA
HUNGI
MYJHUNG
KHASTOLI
BARANDI
CHAPPANI
KHANICHHAP
PHOKSINGKOT
GEJHA
CHHAHARA
KUSUMKHOLA
BANDIPOKHARA
TANSEN N.P.
CHIRTUNGDHARA
NARAYANMATALES
PIPALDADA
HEKLANG
KHALIBAN
RAMPUR
BHAIRABSTHAN
BIRKOT
GANDAKOT
DARCHHA
JUTHAPOUWA
PHEK
PALUNG
MAINADI
TELGA
POKHARATHOK
CHIDIPANI
TAHUN
HUMIN
SILUWA
BANKAMALANG
THIMURE
RINGNERAHA
MADANPOKHARA
RUPSE
DEVINAGAR
GALDHA
SAHALKOT
SATYAWATI
KASENI
JALPA
ARCHALE
MASYAM
JHADEWA
KACHAL
BALDHENGGADHI
JHIRUBAS
KOLDANDA
MITYAL
JYAMIRE
DOBHAN
BAHADURPUR
RAHABAS
GOTHADI
1
2
3
4
5
6
7
8
9
10
11
12
13
LEGEND
District Boundri
Ilaka Boundry
Vdc Boundry
Scale
10
0
10
20
30
Kilometers

☎ ०७५-५२०४२४,२७४,९८३,२१४०७

**नेपाल सरकार**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

**पाल्पा**

# मेरो भन्नु

विकेन्द्रीकरणको सिद्धान्त अनुरुप जिल्लाको योजनावद्ध बिकासलाई ठोस रुपमा अगाडि वढाउनको लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा जिल्ला विकास समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीको व्यवस्था बमोजिम जिल्ला विकास समिति पाल्पाद्वारा यस वर्ष पनि सहभागितात्मक योजना तर्जुमा प्रकृया (Participatory Bottom Up Planning Process) का आधारमा आर्थिक वर्ष २०७०/०७१ का लागि जिल्ला विकास योजना तयार गरिएको छ । जिल्लाको विकास योजना तर्जुमा प्रक्रियालाई बढी समावेशी र यथार्थपरक वनाउन सहभागितात्मक योजना प्रक्रियाका विभिन्न चरणहरु पुरा गरी जिल्ला परिषद्मा सर्वपक्षीय उपस्थितिबाट पारित गरी वार्षिक जिल्ला विकास योजना तयार गरिएको हो । प्रस्तावित योजनाहरु वस्ती तथा गा.वि.स.स्तरकै माग अनुरुप तर्जुमा भएको हुनाले जिल्ला बिकास समिति, विषयगत कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु र सम्बन्धित निकायहरुको साधन र स्रोत अनुसारका कार्यक्रमहरु योजनामा समावेश गर्ने र प्राथमिकता दिने प्रयास गरिएको छ । जनताका माग तथा आवश्यकताहरु लाई दृष्टिगत गरी सर्वदलीय सहमतिमा यस आर्थिक बर्षमा समाबिष्ट योजनाहरुको कार्यान्वयनमा सबै राजनीतिक दलहरु, विषयगत कार्यालयहरु, गैरसरकारी संघ संस्थाहरु र निजी क्षेत्रबाट पूर्ण सहयोग र सक्रियताको अपेक्षा गर्दछु ।

अन्त्यमा, जिल्ला विकास योजना तर्जुमा तथा यो पुस्तक तयारीका लागि प्रत्यक्ष अप्रत्यक्षरुपमा संलग्न सवै पक्षलाई धन्यवाद दिन चाहन्छु ।

**दीर्घ बहादुर पोखरेल**
स्थानीय विकास अधिकारी
जि.वि.स.को कार्यालय, पाल्पा

# विषय–सूची

*क्र.स. विषय* *पेज नं.*

## खण्ड क


**१. जिल्लाको संक्षिप्त चिनारी**
**२. सहभागितात्मक योजना तर्जुमा तालिका**
**३. आ.व.२०७०/०७१ को जिल्ला विकास योजना तर्जुमा सम्वन्धमा प्रस्तावित नीति एवं मार्गदर्शन र बजेट सिलिङ्ग**
**४. जि.वि.स.द्वारा सहभागितात्मक योजना तर्जुमाका लागि अवलम्वन गरिएका प्रक्रियाहरु**
**५. २१ औं जिल्ला परिषद् बैठकमा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम मन्तव्य**
**६. २१ औं जिल्ला परिषद्बाट पारित गरिएका निर्णयहरु**
**७. जिल्लाको बजेट प्रवाह स्थिति (स्थानीय निकाय र विषयगत कार्यालय र संघ संस्थाको समेत)**


## खण्ड ख


**८. जि.वि.स.को प्रस्तावित वजेट तथा कार्यक्रमको सारांस**
८.१. आ.ब. २०७०/०७१ का लागि प्रस्तावित बजेटको सारांश
८.२. आ.व. २०७०/०७१ को आन्तरिक श्रोत र राजस्व बांडफांड तर्फ आय अनूमान बिबरण
८.३. आन्तरिक आयश्रोत तर्फको चालू खर्च अनूमान बिबरण
८.४. आन्तरिक श्रोत र राजस्व बाडफाड तर्फको ब्यय अनुमान बिबरण
८.५. प्रशासन अनुदान चालू तर्फ ब्यय अनूमान बिबरण
८.६. समग्र आय ब्यय (गांउ बिकास अनूदान समेत) अनूमान विवरण
**९. जि.वि.स.को विकास कार्यक्रम तर्फको विवरण**
९.१. जिविस पूँजीगत अनुदान तथा आन्तरिक श्रोत तर्फको एकिकृत बजेट तथा कार्यक्रम
९.२. ग्रामीण पहुँच सुधार तथा विकेन्द्रिकरण कार्यक्रम
९.३. जनसहभागितामा आधारित विकास कार्यक्रम
९.४. विद्युत विकास कार्यक्रम
९.५. प्रस्तावित जिल्ला स्तरीय सडकहरु
९.५.१. स्थानीय यातायात पूर्वाधार विकास क्षेत्रगत कार्यक्रम
९.५.२. सडक बोर्डबाट मर्मत संभार कार्यक्रम
९.५.३. जिविस अनुदान तर्फका सडक आयोजना
९.६. ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम तर्फका योजनाहरु
९.७. बृहत तथा स्थानीय स्तरका झोलुङ्गे पुल निर्माण तथा मर्मत
९.८. स्थानीय सडक पुल कार्यक्रम
९.९. द्वन्दबाट क्षतिग्रस्त पुर्वाधारहरुको पुनःनिर्माण कार्यक्रम
९.९. साना सिंचाई कार्यक्रम
९.१०.साना प्रकोप नियन्त्रण कार्यक्रम
९.११. भारतीय राजदूतावास सहयोग कार्यक्रम
९.१२. अन्य कार्यक्रम
९.१३.उर्जा तथा वातावरण इकाई तर्फको प्रस्तावित कार्यक्रम
९.१४.जिविस आन्तरिक श्रोत तथा राजश्व वाडफाडबाट कार्यान्वयन गरिने कार्यक्रमहरु
९.१५. स्थानीय विकास कोष तर्फको प्रस्तावित कार्यक्रम
९.१४.स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

९.१५.लक्षित वर्ग तर्फका कार्यक्रम

**१०. केन्द्र तथा जिल्ला स्तरबाट संचालन गर्न माग गरिएका विषयगत आयोजनाहरु**

१०.१. सिंचाई आयोजना
१०.२. जलउत्पन्न प्रकोप नियन्त्रण आयोजना
१०.३. विद्युत विकास आयोजना
१०.४. खानेपानी तथा सरसफाई आयोजना
१०.५. पुल पुलेसा निर्माण आयोजना
१०.६. सडक निर्माण आयोजना
१०.७. पर्यटन तथा संस्कृति विकास आयोजना
१०.८. नगर क्षेत्र विकास आयोजना
१०.९. सामाजिक सुरक्षा
१०.१०. गरिवी निवारण
१०.११. कृषि तथा सहकारी
१०.१२. शैक्षिक विकास
१०.१३. सुरक्षा/गृह
१०.१४. शान्ति तथा पुनःनिर्माण आयोजना
१०.१५. उद्योग
१०.१६. वन तथा भू-संरक्षण
१०.१७. सूचना तथा संचार
१०.१८. स्वास्थ्य
१०.१९. महिला तथा वालवालिका
१०.२०. युवा तथा खेलकुद
केन्द्रमा तथा अन्य निकायमा माग गरिएका थप आयोजनाहरु

# खण्ड ग

**विषयगत समिति तर्फका कार्यालयहरुको कार्यक्रम तथा बजेट**

**११. कृषि समिति अन्तर्गतका कार्यालय**

११.१ जिल्ला कृषि विकास कार्यालय
११.२ जिल्ला पशु सेवा कार्यालय
११.३ सहकारी डिभिजन कार्यालय
११.४ सुन्तलाजात फलफूल विकास केन्द्र
११.५ कृषि समाग्री कम्पनी लिमिटेड

**१२. उद्योग वन तथा वातावरण समिति अन्तर्गतका कार्यालय**

१२.१ घरेलु तथा साना उद्योग कार्यालय
१२.२ जिल्ला वन कार्यालय
१२.३ जिल्ला भू-संरक्षण कार्यालय

**१३. सामाजिक समिति अन्तर्गतका कार्यालय**

१३.१ जिल्ला स्वास्थ्य कार्यालय
१३.२ जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र
१३.३ जिल्ला शिक्षा कार्यालय
१३.४ शैक्षिक तालीम केन्द्र

१३.५ महिला विकास कार्यालय
१३.६ जिल्ला वाल कल्याण समिति

**१४. भौतिक पूर्वाधार विकास समिति अन्तर्गतका कार्यालय**

१४.१ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
१४.२ सिंचाई डिभिजन कार्यालय
१४.३ पश्चिमाञ्चल डिभिजन सडक कार्यालय
१४.४ शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय
१४.५ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय
१४.६ नेपाल विद्युत प्राधिकरण

**१५. गैर सरकारी संघ संस्था तर्फका कार्यक्रमहरु**

१५.१ गैर सरकारी संस्था महासंघ
१५.२ ग्रामीण आर्थिक विकास संघ
१५.३ जन विकास तथा परिचालन केन्द्र
१५.४ युनाईटेड मिशन, पाल्पा
१५.५ ग्रामीण विकासको लागि सहयोगी हातहरु
१५.६ महिला कल्याण संघ
१५.७ स्वास्थ्य सीपमुलक शैक्षिक विकास केन्द्र
१५.८ समाज उत्थान सहयोग केन्द
१५.९ उत्पिडित उत्थान बिकास केन्द्र
१५.१० सामाजिक स्रोत बिकास केन्द्र
१५.११ नेपाल रेडक्रस सोसाइटी
१५.१२ सक्रिय सेवा समाज
१५.१३ इन्द्रेणी समाज केन्द्र
१५.१४ सूर्य किरण युवा समाज
१५.१५ वातावरण तथा स्वास्थ्य बिकास केन्द्र
१५.१६ पाल्पा सरोकार मंच
१५.१७ पुष्प स्मृति पुस्तकालय
१५.१८ शान्ति स्तुप मञ्च समिति
१५.१९ घरेलु तथा साना उद्योग महासंघ
१५.२० पछौटेपन उन्मुलन समाज
१५.२१ युवा कार्य नेपाल
१५.२२ इन्द्रेणी ग्रामीण विकास केन्द्र
१५.२३ जिल्ला खेलकुद विकास समिति
१५.२४ समुदायमा आधारीत पुनर्स्थापन कार्यक्रम
२५.२५. दलित महिला संघ
१५.२६ नेपाल परिवार नियोजन संघ
१५.२७ दुग्ध उत्पादक सहकारी संघ लि.
१५.२८ पाल्पा लायन्स लाकौल आँखा अस्पताल
१५.२९ नेपाल आदिवासी जनजाति महासंघ, पाल्पा
१५.३० मनः सेवा समाज, पाल्पा
१५.३१. काठमाण्डौं अन्तराष्ट्रिय अध्ययन केन्द्र

## खण्ड घ

१६. जिविस पाल्पाको कर्मचारी दरवन्दी संरचना
१७. पदपूर्ति समितिको प्रतिवेदन
१८. जाँचपास तथा फरफारक समितिको प्रतिवेदन
१९. बेरुजु फर्छ्यौट कार्यदलको प्रतिवेदन
२०. स्थानीय बिकास कोषको प्रतिबेदन
२१. लक्षित वर्ग तर्फको कार्यक्रमको प्रतिवेदन
२२. जि.वि.स.तथा गा.वि.स.को न्यूनतम् शर्त तथा कार्यसम्पादन प्रतिबेदन
२३. वार्षिक खरिद योजना सम्वन्धि प्रतिवेदन

## खण्ड ङ
## अनुसूचीहरु

अनुसूची १. जि.वि.स.पाल्पाबाट पारित करको दर विवरण
अनुसूची २. जिल्लागत प्रमुख नीतिहरु
अनुसूची ३. २१ औं जिल्ला परिषद् बैठकको उपस्थिती विवरण

# खण्ड क

- जिल्लाको संक्षिप्त चिनारी
- सहभागितात्मक योजना तर्जुमा तालिका
- आ.व.२०७०/०७१ को लागि प्रस्तावित नीति एवं मार्गदर्शन र बजेट सिलिङ
- जि.वि.स.द्वारा सहभागितात्मक योजना तर्जुमाका लागि अवलम्वन गरिएका प्रक्रियाहरु
- २१ औं जिल्ला परिषद् बैठकमा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम मन्तव्य
- २१ औं जिल्ला परिषद्बाट पारित गरिएका निर्णयहरु
- जिल्लाको बजेट प्रवाह स्थिति (स्थानीय निकाय, विषयगत कार्यालय र संघ संस्था तर्फको समेत)

# जिल्लाको संक्षिप्त चिनारी

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने भगवान गौतम बुद्धको जन्मस्थलको रुपमा परिचित लुम्विनी अंचलका ६ जिल्लाहरु मध्ये पाल्पा पहाडी जिल्ला हो । विश्व मानचित्रमा यस जिल्ला २७ डि.३४ मिनेट, देखि २७ डि. २७ मि. सम्म उत्तरी आक्षांस र ८३ डि.१५ मि. देखि ८४ डि.२२ मी. सम्म पूर्वी देशान्तरमा अवस्थित छ । १३७३ वर्ग कि.मी. क्षेत्रफल भएको जिल्लाको पूर्व पश्चिम ७० कि.मी. र उत्तर दक्षिण सरदर २० कि.मी. भएकोले सानै रुपमा भए पनि झण्डै नेपाल जस्तै देखिन्छ । क्षेत्रफलको हिसावले यस जिल्लाले नेपालको कूल भू-भागको ०.९३ प्रतिशत भू-भाग ओगटेको छ । जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा गुल्मी अर्घाखाँची उत्तरमा स्याङ्गजा गुल्मी र दक्षिणमा रुपन्देही रहेको छ । सरदर तापक्रम ८ डि.से. देखि २८ डि.से. सम्म हुनाले पाल्पा जिल्ला हावापानीको हिसावले वसोवासका निम्ति अत्यन्त उत्तम छ । सरदर वार्षिक वर्षा १९०३.२ मि.मी. हुन्छ । चुरे पहाडमा १८ प्रतिशत र महाभारत श्रृंखलामा ८२ प्रतिशत भू-भागले गर्दा जिल्लाको अधिकांश पहाडी भूवनोटको कारण विकट छ । रामपुर, माडी, अर्गली, कचल, दर्पूक जस्ता फाँट र काली गण्डकीका तट वाहेक अन्य भाग कृषि उत्पादनका लागि कम उपयुक्त छ ।

मुख्य वनस्पतीमा साल, सिसौ, सिमल, जामुन, टुनी, चाप, हर्रो, वर्रो आदि वेसी तथा चुरे क्षेत्रमा पाइन्छ भने काफल, चिलाउने, कटुस, सल्लो, लालीगुराँस आदि लेक तथा महाभारत श्रृंखलामा पाइन्छन् ।

कालीगण्डकी मुख्य नदी हो जसले लुम्विनी र गण्डकी अंचलको सिमा नदीको काम गरेको छ । यसका अतिरिक्त जिल्लामा रिडीखोला, तिनाउखोला, निस्दीखोला, आरुङखोला, दोभानखोला, कुसुमखोला, वराङ्गदीखोला, कुरुङखोला, अगाँहाखोला, पूर्वखोला, झुम्साखोला जस्ता साना ठूला नदी तथा खोलाहरु छन् । सत्यवती ताल, सीता कुण्ड र प्रभासताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरु हुन् ।

सेनवंशी र मगराँती पृष्ठभूमि वोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ । राणाकालीन चार कमाण्डरहरु मध्ये एक रहने अहिलेको लुम्विनी अंचल भन्दा ठूलो प्रशासनीक इकाईको रुपमा रहेको र सुदुर पश्चिमका जनताले समेत गल्ती गरेमा पाल्पा चलान भन्ने गरेवाट यो पश्चिम नेपालकै राजधानीकोरुपमा रहेको पुष्टि हुन्छ ।

२०६८ सालको जनगणना अनुसार जिल्लाको परिवार संख्या ६२९६७ र जनसंख्या २६९३७२ मध्ये पुरुष ११९१६७ र महिला १५०२०५ रहेको छ । वार्षिक जनसंख्या वृद्धि दर जम्मा ०.०३ प्रतिशत मात्र देखिनाले देशको जनसंख्या वृद्धिदरसंग तुलना गर्दा त्यति चिन्ताजनक स्थिति देखिदैन । जनघनत्व १९६ प्रति वर्ग कि.मी. छ । राजनीतिक रुपमा ६५ गाविस, १ नगरपालिका, १३ इलाका र ३ संसदीय निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा २०५८ सालको जनगणना अनुसार ६१.४४% नेपाली, ३३.९४% मगर, २.५७% नेवारी, ०.६३% कुमाल र बाँकी १.४२% अन्य भाषाभाषी छन भने धार्मिक हिसाबले ८८% हिन्दु, ११·४% बौद्ध, ०·३५% मुश्लिम, ०१५% क्रिश्चियन र वाँकी ०१% अन्य धर्मावलम्वीहरु रहेका छन् । जिल्लाको साक्षरता दर ६५·९% रहेको छ । जसमध्ये पुरुष ७५·९% र महिला ५७५% पर्दछ ।

विश्वमा परिचित पर्यटकीयस्थल पोखरा तथा धार्मिकस्थल लुम्विनीको विचमा अवस्थित पाल्पाको सदरमुकाम तानसेनको पर्यटकीय महत्वको कारणले गर्दा तानसेन नगरपालिका नमूना शहरको रुपमा मानिन्छ । यसै शहरको मुकुटको रुपमा रहेको श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ जहाँवाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता विश्व प्रसिद्ध हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ । आफ्नै भाषा र संस्कृतिले धनी मगर जातिको बाहुल्य रहेको र अन्य प्राकृतिक सौन्दर्यले

समेत ग्रामीण पर्यटनको पनि त्यत्तिकै सम्भावना देखिन्छ । सत्यवती ताल, भैरवस्थान, नारायणस्थान, ऋषिकेश मन्दिर, रम्भादेवी, भगवती स्थान, अर्गली, रानीघाट, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङगढी जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ ।

जिल्लाले आधुनिक कृषि प्रणालीको माध्यमबाट आर्थिक विकासको निम्ति विभिन्न प्रयासहरु गर्दै आएको छ । पर्यटन, व्यावसायिक ढाका र करुवा तथा भाडाबर्तन निर्माणका उद्योगहरुले यस जिल्लाको आर्थिक विकासमा केही हदसम्म टेवा पुऱ्याउने गरेका छन । राज्यका विविध सेवामा माथिल्लो स्थानमा जिल्लावासीहरु रहेता पनि भारत र खाडी क्षेत्रमा रोजगारी नगरी अधिकांश युवाहरुले आफ्नो परिवार चलाउन नसक्ने तीतो यथार्थ पनि विद्यमान छ । त्यसैले आधुनिक तथा व्यावसायिक कृषि प्रणाली, मानव संसाधनको विकास, व्यावसायिक तालीम तथा शिक्षा, उन्नत पशुपालन आदिलाई प्रवर्द्धन गर्नु वर्तमान आवश्यकता वनेको छ ।

सिद्धार्थ राजमार्गले यस जिल्लाको विकासको ढोका खोलेको छ । यसका अतिरिक्त आर्यभंज्याङ्ग-रामपुर, बाँसटारी-झडेवा, तानसेन-दर्लमडाँडा, हार्थोक-छहरा र तानसेन-रिडी जस्ता जिल्ला सडकहरुले पाल्पाको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । सरदर ५८.६६ प्रतिशत घरधुरीलेमात्र विद्युत सेवा उपलप्ध गरेका छन । हाल सिडीएमए र मोवाइल सेवाले जिल्लाका अधिकांश गा.वि.स.हरुमा टेलीफोन सेवा उपलव्घ हुन थालेको छ । जिल्लाको विकासको लागि कृषि, यातायात, विद्युत, संचार, पर्यटन, शिक्षा, स्वास्थ्य, आदि सम्पूर्ण कुरामा जिल्लाको प्रयासमा केन्द्रको समेत सहयोग अपरिहार्य रहेको छ ।

# सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरू

| तर्जुमाका चरण | कार्य | समय |
|---|---|---|
| प्रथम चरण<br>मार्गदर्शन | रा.यो.आ.बाट मार्गदर्शन बजेट सीमा पठाउने | कार्तिक मसान्त |
| दोश्रो चरण<br>मार्गदर्शनको पुनरावलोकान | मार्गदर्शन र बजेट सीमाको पुनरावलोकन गर्ने | मंसिरको पहिलो हप्तासम्म |
| तेश्रो चरण<br>पूर्व योजना तर्जुमा बैठक | विषयगत कार्यालयहरुको नीति, कार्यक्रम, बजेट सीमा आदि बारे जानकारी दिने, माग फारम र योजना तर्जुमा बारे जानकारी दिने | मंसिरको दोश्रो हप्तासम्म |
| चौथो चरण<br>गाविस बैठक | गाविसले वडास्तरका सञ्चालन हुने कार्यक्रमवारे अध्ययन विश्लेषण गर्ने | पौषको पहिलो हप्तासम्म |
| पाँचौ चरण<br>बस्तीस्तरको योजना छनौट | वस्तीस्तरमा सहभागितात्मक रुपमा पहिचान, प्राथमिकीकरण गरी छनौट भएका योजनालाई योजना फारममा भरी पठाउने | पौषको पहिलो हप्ता भित्र |
| छैठौं चरण<br>वडासमितिको बैठक | वस्तीस्तरबाट प्राप्त योजनाहरुलाई वडास्तरमा प्राथमिकताक्रम निर्धारण गर्ने | पौषको दोश्रो हप्ता भित्र |
| सातौं चरण<br>गाविस बैठक | वडाबाट प्राप्त आयोजना सूचीकृत गर्ने, वर्गीकरण गरी गाविस स्रोतबाट गर्न सकिने योजना छुटयाउने | पौषको तेश्रो हप्ता भित्र |
| आठौं चरण<br>गाउँ परिषद | गाउँ विकास योजना पारित गर्ने,<br>आफ्नो स्रोतबाट नसक्ने योजना जिल्लामा पठाउने | पौष मसान्त भित्र |
| नवौं चरण<br>इलाका स्तरीय योजना तर्जुमा | गाविसबाट माग गरी पठाएका योजना प्राथमिकता निर्धारण गरी छनौट गर्ने । | माघको तेश्रो हप्तासम्म |
| दशौं चरण<br>विषयगत योजना तर्जुमा | इलाकास्तरबाट प्राप्त योजनाहरुलाई विषयगत अनुसार प्राथमिकरण गरी छनौट गर्ने | फागुणको पहिलो हप्तासम्म |
| एघारौं चरण<br>एकीकृत योजना तर्जुमा | विषयगत योजना तर्जुमाबाट पेश भएको योजनाको मस्यौदामा थपघट, संशोधन गरी जिल्ला विकास योजनाको मस्यौदा तयार गर्ने | फागुणको दोश्रो हप्ता सम्म |
| बाह्रौं चरण<br>जिविस बैठक | जिल्ला विकास योजनालाई अन्तिम रुप दिने । | फागुणको तेश्रो हप्ता सम्म |

| | | |
|---|---|---|
| <u>तेह्रौं चरण</u><br>जिल्ला परिषद | प्रस्तावित जिल्ला विकास योजनामा व्यापक छलफल गरी आवश्यक सुझाव सहित पारित गर्ने | फागुण मसान्त भित्र |
| <u>चौंधौं चरण</u><br>जिल्ला विकास योजनाको कार्यान्वयन | जिल्ला परिषदबाट पारित जिल्ला विकास योजना स्था.वि.म र रा.यो.आ पठाउने, मन्त्रालयसंग सम्वन्धित निर्णय सम्वन्धित मन्त्रालय पठाउने । | चैत्र १० गते भित्र |

# आ.व. २०७०/०७१ को जिल्ला विकास योजना तर्जुमा सम्बन्धमा गरिवीमुखी नीति, राष्ट्रिय तथा जिल्ला विकासका प्राथमिकता, कार्यक्रम छनौटका आधार, मार्गदर्शन तथा बजेट सिलिङ्ग

**१.योजना तर्जुमाको लागि मार्ग दर्शनहरु :**

आगामी आर्थिक वर्षको लागि पाल्पा जिल्लाको जिल्ला विकास योजना तर्जुमा गर्दा देहायका कुराहरुका आधारमा देहाय बमोजिमको नीति, कार्यनीति र मार्गदर्शन निर्धारण गरी कार्यान्वयन गर्दैजाने ।

क. नेपाल सरकारको तीन वर्षीय अन्तरिम योजना (२०६७/०६८-२०६९/०७०) को लक्ष्य र उद्देश्य प्राप्तिको लागि निर्धारित रणनीति र प्राथमिकता प्राप्त क्षेत्रमा स्थानीय स्तरबाट पनि जोड दिन आवश्यक भएकोले आगामी आ.व.को कार्यक्रम र बजेटमा यसैलाई आधार बनाउने ।

ख. यस अघि पाल्पा जि.वि.स.बाट स्वीकृत आवधिक जिल्ला विकास योजनाका उद्देश्य, लक्ष्य, रणनीति एवं प्राथमिकता ।

ग. जि.वि.स.बाट नपा/गाउँ विकास समितिलाई दिईएको मार्गदर्शन ।

घ. विषयगत कार्यालय, सहयोगी दातृ निकाय तथा संघ संस्थाहरुले आ-आफ्ना विषयगत क्षेत्रको नीति एवं मार्गदर्शनलाई आधार मानी आगामी वर्षको लागि योजना तथा कार्यक्रम बनाउने व्यवस्था गर्ने ।

**२. अर्को आवधिक योजना प्राप्त नहुँदा सम्मका लागि नेपाल सरकारको त्रिवर्षीय अन्तरिम योजना को लक्ष्य, उद्देश्य एवं रणनीतिलाई आधार मानी योजना तर्जुमा गर्ने :**

**क. लक्ष्य :**

सन २०१५ सम्ममा सहस्राव्दी विकास लक्षहरु प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने । आर्थिक असमानता घटाउने । क्षेत्रिय सन्तुलन हासिल गर्ने । सामाजिक वञ्चितिकरणलाई हटाउदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धि मार्फत गरिवीलाई २१ प्रतिशतमा झार्ने ।

**ख. उद्देश्य :**

रोजगारी केन्द्रित समावेशी तथा समन्वयीक आर्थिक वृद्धि गरी गरिवी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभुती दिलाउने ।

**ग. रणनीतिहरु :**

उल्लेखित लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि अन्तरिम योजनाका रणनीतिहरु निम्न छन् :

क) सरकारी, निजी र सामुदायिक तथा सहकारी सवै क्षेत्रको संयुक्त प्रयासमा रोजगारीमुलक तथा गरिवी निवारण उन्मुख दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।

ख) देशको आर्थिक बृद्धि समेतलाई सहयोग पुग्ने गरि भौतिक पूर्वाधार तयार गर्ने ।

ग) दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने ।

घ) आर्थिक, सामाजिक सेवा सुदृढ गरी राज्यको आर्थिक सामाजिक रुपमान्तरणमा सहयोग पुऱ्याउने ।

ङ) निजी तथा सामुदायिक एवं सहकारी क्षेत्रको विकास र औद्योगिकरण, व्यापार तथा सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूल प्रवाहीकरण गरी आर्थिक वृद्धि र स्थायीत्व सुदृढ गर्ने ।

**३. जिल्लास्तरीय नीति :**

क) जिल्ला विकास समितिले स-साना आयोजनाहरुको कार्यान्वयनकर्ताको सट्टा सहजकर्ता, समन्वयकर्ता, अनुगमनकर्ता र अन्वेषकको रुपमा भूमिका निभाउदै जानेछ ।

ख) देशभर उर्जा संकट आईरहेको सम्वन्धमा वैकल्पिक उर्जाको प्रवर्द्धन गर्दै लगिने छ । यसको लागि लगानी बढाउने तथा विद्युत सम्वन्धी आयोजनाहरु छनौट र संचालन गर्दा विद्युत प्राधिकरणसंगको समन्वयमा गर्ने परिपाटी अगाडि बढाईने छ ।

ग) पूर्वाधार तर्फ सडक निर्माणका आयोजना संख्या निकै धेरै भएको कारण सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्न कठिन भएको तथा लगानीलाई प्रतिफलयुक्त बनाउने सन्दर्भमा जिल्ला स्तरका सडक र ग्रामीण स्तरका सडक वर्गिकरण गरी विद्यमान सडकहरुको स्तरोन्नती तर्फ जोड दिँदै जिल्लास्तरका सडकमा मात्र लगानी गर्ने र ग्रामीण स्तरका सडकको लागि २ वा सो भन्दा बढी गाविसहरु मिलेर सडक निर्माण तथा मर्मतको लागि अनुरोध

भई आएमा म्याचिङ्ग रकम सशर्त अनुदानका रुपमा उपलब्ध गराउने तथा जिल्लास्तरका सडकहरुलाई क्रमशः स्तरोन्नती गर्दै लगिने छ भने सडक गुरुयोजना अनुसार सडक निर्माण तथा सुधार गर्ने व्यवस्था मिलाइएको छ ।

घ) खानेपानीका नयाँ आयोजना छनौट गर्दा खानेपानी लिनका लागि लाग्ने समय र जनसंख्यालाई आधार लिई आयोजना छनौट गर्ने तथा आयोजना संचालन पूर्व खानेपानी तथा सरसफाई र आयोजना संचालन तथा मर्मत संभारको लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । साथै नयाँ आयोजनाको संख्या थप गर्नु भन्दा क्रमागत आयोजनाहरुलाई सम्पन्न गर्ने तर्फ ध्यान केन्द्रित गरिने छ । सन २०१७ सम्ममा सवै जनताहरुलाई आधारभुत सरसफाई सुविधा पुऱ्याउने नेपाल सरकारको लक्ष्य अनुसार सम्वन्धित निकायहरुबाट प्राथमिकता साथ कार्यक्रम संचालन गरिने छ ।

ङ) पर्यटन विकासका लागि आवधिक पर्यटन विकास योजना निर्माण भएको र सोही अनुसारको वार्षिक कार्ययोजना वनाई बजेट विनियोजन गर्ने व्यवस्था मिलाइने छ भने नगरपालिका तथा गाउँ विकास समितिहरु र निजी क्षेत्रले पनि आफ्नो श्रोत परिचालन गरी पर्यटन लक्षित कार्यक्रमहरु संचालन गर्न निर्देशित गरिएको छ ।

च) स्थानीय निकायका कार्यक्रमहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ लक्षित गरी, लैंगिक हिंसा विरुद्धको विश्वव्यापी अभियान २०१२ र लैंगिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अनुसार संचालन हुनेछन ।

छ) आयोजनाको दिगोपनको लागि आयोजना संचालन गर्दा सामुदायिक संस्था, गैरसरकारी संस्था र स्थानीय नागरिक समाजको समन्वयमा सामाजिक परिचालनको कार्य संचालन गरिने छ ।

ज) नगर/गाउँ स्तरका स्थानीय पूर्वाधारको मर्मत संभारको यथोचित प्रवन्धको लागि गा.वि.स. र नगरपालिकालाई मर्मत संभार कोष म्याचिङ्ग रकम उपलब्ध गराईने छ ।

झ) व्यक्तिगत पहलका आधारमा आयोजना छनौट गर्ने परिपाटिलाई पूर्णतः अन्त गर्ने प्रयासको थालनी स्वरुप प्राकृतिक प्रकोप, दैवी विपत्ती परी विशेष अवस्थामा वाहेक गाउँ र नगर परिषद्बाट स्विकृत इलाकास्तरबाट माग भै आएका योजनाहरुलाई मात्र प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।

ञ) वार्षिक योजनालाई उद्देश्यमूलक, परिणाममुखी र वस्तुनिष्ठ बनाउनमा बिषयगत समितिको ठूलो भूमिका हुने भएकोले विगतमा अभ्यासमा रहेका बिषयगत समितिलाई समय सापेक्ष प्रभावकारी बनाउदै लगिने छ ।

ट) उपभोक्ता मार्फत संचालन हुने विकास निर्माणमा स्थानीय जनताको सहभागिता न्यून पाइएकोले जनताको वास्ताविक सहभागिताको लागि सवै क्षेत्रबाट विशेष जोड दिइने छ ।

ठ) विकास निर्माण र वातावरण वीच उचित तालमेल मिलाई जलवायु परिवर्तनबाट हुन सक्ने असर र प्रभावलाई अनुकुलन हुने गरी विकास निर्माणका कार्यहरु संचालन गरिने छ ।

ड) तोकिएको समयमा सहस्राब्दी विकास लक्ष पुरा गर्ने गरी कार्यक्रम संचालन गर्न जोड दिइने छ ।

### ४. बिषयगत समितिले वार्षिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने वुँदाहरु :

(क) सर्व प्रथम कार्यविधि र कार्यतालिका बनाई कार्य प्रारम्भ गर्ने ।

(ख) Cross cutting issues सम्वन्धमा विषयगत समितिहरुले समन्वय गरी योजना वनाउने ।

(ग) विभिन्न कार्यक्रम र काम गर्ने निकायहरु बीच परिपुरक र परिपोषक सम्वन्धहरुको पहिचान गरेर सहकार्य र साझेदारीको क्षेत्रहरु निर्धारण गरी योजना वनाउने ।

(घ) विकासको सम्वन्धमा देखा परेका जल्दा वल्दा समस्याहरुको सम्वोधन हुने गरी तथा विद्यमान संभावनाको खोजी र परिचालन हुनेगरी योजना वनाउने ।

(ङ) विकास प्रकृयाको अभ्यासमा रहेका राम्रा पक्ष (Best practices) को अनुकरण गर्ने एवं नराम्रा पक्ष (Bad practices) लाई हटाउने उपाय, विधिहरु पहिचान गरी समावेश गर्न पहल गर्ने ।

(च) विकास प्रकृयामा रहेका, निर्माण सम्पन्न भएका र भविष्यमा निर्माण गरिने पूर्वाधारले सिर्जना गर्ने अवसरको उपयोग र चुनौतिको सम्वोधन गर्ने एवं सकेसम्म कम समस्या सिर्जना गर्ने योजनालाई छनौट गर्न प्राथमिकीकरण गर्ने ।

(छ) सहभागितात्मक योजना तर्जुमाको सबै चरणमा विषयगत कार्यालय, गैरसरकारी संघसंस्थाहरु, लक्षित समुदायका प्रतिनिधि एवं अन्य सम्वन्धित सरोकारवालाहरुको सक्रिय सहभागिता हुने वातावरण मिलाउने ।

(ज) समुदाय स्तरमा गठन भएका समूहरुलाई सामाजिक पूँजीको रुपमा सशक्तिकरण गर्दै लैजाने नीति अवलम्वन गर्ने ।

(झ) DRSP, VDP, CDF, VEDF जस्ता जिविसद्वारा संचालित सफल विकास मोडलको प्रसार गर्ने, त्यस्ता कार्यमा सरोकारवालासंग सहकार्य गर्ने, विस्तार गर्ने र संस्थागत गर्दै लैजाने ।

(ञ) गाउँस्तरमा लक्षित समूहहरुको सर्वदलीय, सर्वपक्षीय समिति वनाई सो समिति मार्फत नै लक्षित समूहका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने एवं अनुगमन र मूल्यांङ्कनको व्यवस्था मिलाउने । साथै

समुदायस्तरमा भैरहेका स्थानीय संस्था वा समूहहरुलाई परिचालन गरी कार्यक्रम संचालन गर्ने व्यवस्था गर्ने नयाँ नयाँ समूह गठन गर्ने प्रक्रियालाई निरुत्साहित गर्ने ।

(ट) परम्परागत ज्ञान सीप तथा आधुनिक प्रविधिको संयोजन गरी गर्न सकिने कार्यहरुको पहिचान र विश्लेषण गरी नयाँ सम्भावनाहरुको खोजी गर्न पहल गर्ने ।

(ठ) विकास प्रकृयामा संचार माध्यमहरुको भूमिका र महत्वलाई दृष्टिगत गरी सहकार्यका संभावनाहरुको पहिचान र समावेश गर्ने ।

(ड) सुशासनका तत्वहरुको प्रवर्द्धनका लागि कार्यविधिहरु निर्धारित गर्ने ।

यस योजना तर्जुमा गर्दा उल्लेखित नीतिगत कुराहरुको अलावा जिल्लाको आवधिक योजना, जिल्ला शिक्षा योजना, जिल्ला कृषि योजना, जिल्ला स्वास्थ्य योजना, जिल्ला पर्यटन योजना, स्रोत नक्शा र गरिवी नक्सांकनको आधारमा वार्षिक योजना तर्जुमा गर्न निर्देशित गरिएको र यसलाई सवै निकायले सोहि अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

**५ बजेटसिलिङ्ग :**

हालसम्म राष्ट्रिय योजना आयोग र सम्वन्धित मन्त्रालयहरुबाट आगामी आ.व.२०७०/०७१ को लागि बजेट सिलिङ्ग प्राप्त भईनसकेकोले आ.व.२०६९/०७० को निम्न बजेट सिलिङ्गलाई नै आधार मानी सोमा १० प्रतिशत थप गरी कार्यक्रमहरु तर्जुमाको व्यवस्था मिलाउने ।

**आ.व.२०६९/७० को जिल्लागत बजेट सिलिङ्ग**

| क्षेत्र | उद्योग | कृषि तथा सहकारी | वन तथा भू संरक्षण | भौतिक योजना तथा निर्माण (खानेपानी) | भौतिक योजना तथा निमाण (सडक) | शिक्षा | स्थानीय विकास | स्वास्थ्य तथा जनसंख्या | उर्जा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चालू (रु.हजारमा) | ३,६०० | २९,२६६ | ४,३८८ | १६,६७२ | ० | ८९३,८९३ | १३५,१९४ | ५८,९८७ | | १,१४२,००० |
| पूँजीगत (रु.हजारमा) | २,८०० | ३२५ | ८,९७७ | ४८,९९६ | ७,५०० | ७,५०० | १८१,०२७ | ४८,७२९ | १२,००० | ३१०,६३९ |
| **जम्मा (रु.हजारमा)** | **६,४००** | **२९,५९१** | **१३,३६५** | **६५,६६८** | **७,५००** | **९०१,३९३** | **३१६,२२१** | **१०७,७१६** | **१२,०००** | **१,४५२,६३९** |

साथै योजना छनौट गर्न निम्न सूचकहरुलाई आधार मानिएको छ :

| सि.नं. | सूचकहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | गरीवी न्यूनिकरणमा योगदान | २० | निम्न अंक प्राप्त गर्ने योजनालाई प्राथमिकताका आधारमा छनौट गरिने छ :<br>□८०% भन्दा बढी प्रथम<br>□६०% भन्दा बढी द्वित्तीय<br>□६०% भन्दा कम त्रित्तीय |
| २ | आवधिक जिल्ला विकास योजनाको प्राथमिकता | २० | |
| ३ | मानव विकास सूचक स्थिति | १० | |
| ४ | लाभान्वित वर्ग मध्ये लक्षित वर्गको प्रतिशत | १० | |
| ५ | आयोजनाको भौगोलिक विकटता | १० | |
| ६ | जनसहभागिताको अनुपात | १० | |
| ७ | मर्मत संभारको व्यवस्थापन र दिगोपन | ५ | |
| ८ | स्थानीय श्रोत साधनको उपयोग | ५ | |
| ९ | बजेटको निश्चितता | ५ | |
| १० | आयोजनाको अवधि | ५ | |
| | **जम्मा** | **१००** | |

## आगामी वर्ष २०७०।०७१ को लागि न.पा./गाउँ विकास योजना तर्जुमा सम्बन्धमा गरिवीमुखी नीति, प्राथमिकता, कार्यक्रम छनौटका आधार, मार्ग दर्शन तथा वजेट सिलिङ्ग

**अ) योजना तर्जुमा तथा छनौट गर्दा निम्न विषयमा ध्यान दिने :**

१. सकेसम्म सोही आ.व मा संम्पन्न हुने आयोजना छनौट गर्ने तथा नयाँ आयोजनाको सट्टा क्रमागत आयोजना संम्पन्न गर्ने तर्फ ध्यान दिने ।

२ नयाँ योजनाहरु संचालन गर्नु पर्ने भएमा अनिवार्य रुपमा संभाव्यता अध्ययन, लाभ लागत विश्लेषण र श्रोतको पर्याप्त व्यवस्था भए पछि मात्र कार्यक्रम समावेश गर्ने ।

३. विगत देखि संचालनमा रहेका आयोजनाको लागि मर्मत संम्भारको यथोचित व्यवस्था मिलाउने ।

४ छोटो समयमा वढी प्रतिफल दिने तथा कम लगानीवाट वढी जनसंख्यालाई लाभ हुने योजना समावेश गर्ने ।

५. न्यून आय वर्ग र विकासको मूल प्रवाहबाट पछाडी परेका बर्गहरुलाई प्रत्यक्ष फाईदा पुग्ने आयोजनाहरु छनौट गर्ने ।

६. वढि भन्दा वढि स्थानीय सीप ,साधन, प्रविधि र जनसहभागीता परिचालन हुने गरी आयोजना छनौट गर्ने ।

७. श्रममुलक प्राविधिमा आधारित तथा वातावरण मैत्री आयोजनाहरु संचालन गर्ने ।

८. पिछडिएका वर्ग, वालवालीका, महिला, आपाङ्ग, जनजाति, आदिवासी, दलित र वृद्धहरुको हित र कल्याणका लागी विषेश योगदान पुग्ने आयोजना छनौट गर्ने ।

९. स्थानीय जनताको मागमा आधारीत स्थानीय श्रोत साधनले धान्न सक्ने दिगो प्रकृतिका योजनाहरु छनौट गर्ने ।

१०. तथ्यांक/गाविस प्रोफाइल, श्रोतनक्शा र आवधिक गाउँ विकास योजनाका आधारमा योजना तर्जुमा गर्ने प्रक्रियालाई महत्व दिने ।

११. स्थानीय स्तरमा संचालन गर्ने कार्यक्रमको लागि समूह गठन गर्दा पहिले नै गठन भईरहेका समुहलाई नै प्रयोग एवं परिचालीत गर्ने, समुह नै नभएको अवस्थामा मात्र नयाँ समुह गठन गर्ने ।

१२. विकास वजेट संचालन गर्ने नाममा थप जनशक्ति वा कार्यालय भवन वा यातायातको साधन जस्ता क्षेत्रमा रकम विनियोजित नगर्ने ।

१३. आयोजना छनौट गर्दा प्राथमिकताक्रम १, २ र ३ गर्ने र कारणवश प्रेषित शिलिङ्ग अनुसारको रकम निकासा हुन नसके प्राथमिकताक्रम अनुसारनै कार्यान्वयन गर्दै जाने ।

१४. नगर/गाउं स्तरवाट सम्पन्न हुन नसक्ने खालका योजनाहरु मात्र जिल्ला स्तरमा पेश गर्नु पर्ने (जिल्ला स्तर भन्नाले जिल्लामा रहेका जिल्ला स्तरीय कार्यालय जस्तै जिल्ला विकास समिति, शिक्षा कार्यालय, कृषी, पशु विकास, महिला विकास लगायत सम्पूर्ण कार्यालयहरु तथा गैर सरकारी/अन्तर्राष्ट्रि गैर सरकारी संस्थाहरु पर्दछन) ।

१५. आफ्नो गा.वि.स/नगरमा जि.वि.स, विभिन्न विषयगत कार्यालयवाट परेका अथवा पर्ने योजना तथा कार्यक्रमका लागि समायोजन रकम व्यवस्था गर्ने ।

१६. जिल्ला विकास समितिबाट प्राप्त अनुदान रकममा नपा/गाउँ विकास समितिले आवश्यक रकम थप गरी गाउँ विकास क्षेत्र भित्रका सडकहरुको मर्मत संभारको व्यवस्था मिलाउने ।

१७. द्वन्द्वका कारणले विग्रे भत्केका भौतिक संरचनाको पुनः निर्माण साथै सामाजिक सद्भावना कायम गर्ने कार्यक्रमलाई पनि ध्यान दिने ।

१८. स्थानीय जनताको सहभागीताबाट संचालित आयोजना कम खर्चिलो, बढी प्रभावकारी हुने र विकासप्रति जनताको उत्साह एवं जनसहभागिता वढदै जाने हुँदा जनसहभागिता प्राप्त गर्न सकिने आयोजनालाई प्राथमिकता दिई योजनामा समावेश गर्ने । प्रत्येक कार्यक्रममा लैङ्गिक सन्तुलन, समावेशी विकास र सहभागिताका प्रावधान राखी कार्यक्रम बनाउने ।

१९. नपा/गाउँ विकास क्षेत्र भित्र संचालन गर्नुपर्ने योजनाको सम्वन्धमा सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका आधारमा  वार्षिक योजना तर्जुमा गर्ने ।

२०.सामाजिक परिचालनको माध्यमद्वारा आय आर्जन, सीप विकास, शसक्तिकरण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकासका क्षेत्रमा काम गर्न खटिएका संस्थाहरुको नियमित अनुगमन गरी कामको मूल्याङ्कन गर्ने ।

२१. विषयगत कार्यालयहरुसंग माग गर्ने योजना तथा कार्यक्रमको छुट्टै सूची तयार गरी गाउँ परिषद्बाट स्वीकृत गराई ईलाका स्तरीय योजना तर्जुमा गोष्ठिमा पेश गर्ने ।

२२. नगरपालिका र गाउँ विकास समितिहरुले जिल्ला आवधिक पर्यटन विकास योजना अनुसार वार्षिक कार्ययोजना बनाई आफ्नो श्रोत परिचालन गरी पर्यटन लक्षित कार्यक्रमहरु संचालन गर्ने र निजी क्षेत्रलाई पनि अग्रसर गराउने ।

२३. गा.वि.स./न.पा.का कार्यक्रमहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ लक्षित गरी लैंगिक हिंसा विरुद्धको विश्व्यापी अभियान २०१२ र लैंगिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अनुसार संचालन हुनेछन ।

२४. सन २०१७ सम्ममा सवै जनताहरुलाई आधारभुत सरसफाई सुविधा पु¥याउने नेपाल सरकारको लक्ष्य अनुसार गाउँ विकास समिति र नपाबाट प्राथमिकता साथ कार्यक्रम संचालन गर्ने । साथै आफ्नो गाविसलाई खुल्ला दिशा मुक्त गाविस निर्माणका विशेष अभियान संचालन गर्ने ।

२५.योजनालाई बैज्ञानीक एवं व्यवस्थित गर्नको लागि जिल्ला विकास योजनामा नपरेका योजनालाई सिफारिस गर्ने सन्दर्भमा गाउँ परिषद्बाट स्विकृत भएका र गाउँ विकास समितिको रकमबाट सम्भव नभएका तर म्याचिङ्गको रुपमा रकम विनियोजन गर्न सकिने आयोजना मात्र सिफारिस गर्ने ।

**आ) विभिन्न कोषको लागि रकमको व्यवस्था :**

नपा/गाउँ विकास समितिको आफ्नो आन्तरिक श्रोतबाट निम्न कोषहरुमा आवश्यक रकम विनियोजन गर्ने क) मर्मत संभार विशेष कोष ख) वातावरणीय व्यवस्थापन विशेष कोष ग) गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष घ) कर्मचारी कल्याण कोष ङ) प्रकोप व्यवस्थापन विशेष कोष च) मानव संशाधन विशेष कोष

**इ) उपर्युक्त कार्यहरु गर्दा निम्न अनुसारका ऐन, नियम र कार्यविधिहरुको अधिनमा रही गर्ने :**

क) स्थानीय स्वायत्त शासन ऐन २०५५

(ख) स्थानीय स्वायत्त शासन नियमावली २०५६

ग) स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४

घ) गाउँ विकास समिति अनुदान कार्यविधि, नपा अनुदान कार्यविधि र जिविस अनुदान कार्यविधि २०६७

**ई) बजेटसिलिङ्ग :**

- हालसम्म राष्ट्रिय योजना आयोग र सम्वन्धित मन्त्रालयहरुबाट आगामी आ.व.२०७०/०७१ को लागि जिविसमा बजेट सिलिङ्ग प्राप्त भईनसकेकोले नपा/गाविसको हकमा यस चालु आ.व.२०६९/०७० मा नेपाल सरकारबाट प्राप्त भएको अनुदान अनुसार नै कार्यक्रम तर्जुमा गर्ने ।
- राजश्व बाँडफाडबाट रकम प्राप्त गर्ने नपा/गाविसहरुले उठेको राजश्व रकमको ३५ देखि ५० प्रतिशत सम्म प्राप्त गर्न सक्ने भएकोले सो रकमलाई समेत समावेश गरी कार्यक्रम तर्जुमा गर्ने ।
- स्थानीय पूर्वाधारको मर्मत सम्भारको लागि जिविसबाट प्राप्त हुने रकममा आवश्यकता अनुसार म्याचिङ्ग थप गरी कार्यक्रम तर्जुमा गर्ने ।
- विद्युत रोयल्टीबाट प्राप्त रकमबाट जिल्ला परिषदबाट स्विकृत नीति अनुसार सामुदायिक विद्युतिकरणमा उपभोक्ताले व्यहोर्नुपर्ने २० प्रतिशत रकमको १० प्रतिशत, विद्युत उत्पादन तर्फ लघु जलविद्युत आयोजनाहरुमा ५ कि.वा.सम्म उत्पादन गर्नेमा प्रति कि.वा.४० हजारका दरले र सो भन्दा माथिलाई प्रति कि.वा.२० हजारका दरले, सुदूरमा उज्यालो कार्यक्रम अन्तर्गन सौर्य उर्जा वितरणमा प्रति सेट ५ हजार ५ सयका दरले जिविसले थप अनुदान उपलव्ध गराउने ।
- वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा केन्द्रबाट प्राप्त अनुदान, जिल्लास्तरबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गर्ने गरी कार्यक्रम बनाउने ।
- चालु अनुदानबाट विद्यार्थिको अनुपातमा शिक्षक नपुगेको सामुदायिक विद्यालयहरुमा शिक्षक र स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी करारमा नियुक्ती गर्न र गाविसका पदाधिकारी र कर्मचारी खर्च तथा अन्य संचालन खर्च समेत विनियोजित वजेटको सिमा भित्र रही गर्नुपर्ने ।
- पूँजीगत तर्फ कार्यक्रम तर्जुमा गर्दा महिलाहरुको सशक्तिकरण, वालवालीकाहरुको हित र कल्याण, दलित वर्गको मूल प्रवाहिकरण, आदिवासि जनजाति उत्थान, अशक्त र अपाङ्गहरुको हित र कल्याण सम्वन्धि आयोजनाहरुमा नपा/गाविस अनुदान संचालन कार्यविधि २०६७ अनुरुप वजेट विनियोजन गर्नुपर्नेछ ।

## जि.वि.स.द्वारा सहभागितात्मक योजना तर्जुमाका लागि अवलम्वन गरिएका प्रक्रियाहरू

स्थानीय उपभोक्ता, जनप्रतिनिधि र विषयगत विशेषज्ञहरुको सहभागितामा तर्जुमा भएका योजनाहरु वढी वस्तुगत, यथार्थतामा आधारित तथा दिगो हुने भएकोले यस जिल्लामा विगत १३ वर्ष देखि सहभागितात्मक योजना तर्जुमा प्रकृया अनुरुप योजना तर्जुमा गर्ने परिपाटीको थालनी गरिएको छ । यसै अनुरुप आ.व.२०७०/०७१ का लागि यस वर्ष पनि उल्लेखित प्रकृया अनुरुप प्रत्येक गाविसबाट योजना माग गरे अनुसार योजनाको पहिचान तथा छनौट गरिएको थियो । यसरी छनौट भएका योजनाहरु वडा, गाउँ, इलाका, विषयगत समिति, एकिकृत योजना तर्जुमा समिति र जिविस वैठक हुँदै जिल्ला परिषद्मा प्रस्तुत भै अनुमोदन गराइएको थियो । सहभागितात्मक जिल्ला विकास योजना तर्जुमाको क्रममा अपनाइएका मुख्य चरणहरुको तल संक्षेपमा उल्लेख गरिएको छ ।

### क. पूर्व योजना तर्जुमा गोष्ठी

सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको पहिलो चरणको प्रक्रिया अनुरुप यस गोष्ठीमा जिल्लाका मा.सांसदहरु, राजनीतिक दलका प्रतिनिधि तथा महिला प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, पूर्व जिविस सभापतिहरु, जिविस अन्तर्गत विभिन्न समितिका प्रतिनिधिहरु, जिल्लास्थित विकाससँग सम्वन्धित विषयगत कार्यालयका प्रमुखहरु, गैससका प्रतिनिधिहरु, गाविस सचिवहरु र संचारकर्मीहरुको सहभागितामा २०६९ मंसिर १४ गते पूर्व योजना तर्जुमा गोष्ठी सम्पन्न गरियो । यसको मुख्य उद्देश्य आगामी आ.व.२०७०/०७१ को लागि सहभागितात्मक योजना तर्जुमा प्रकृया अनुरुप जिल्ला विकास योजना तर्जुमा के कसरी प्रभावकारी रुपमा गर्ने भन्ने सन्दर्भमा छलफल/अन्तर्क्रिया गर्नु रहेको थियो । यस गोष्ठीमा राजनैतिक दलहरु लगायत सम्पूर्ण सहभागीहरुलाई जिल्लामा कार्यरत स्थानीय निकायहरु र विकाससंग सम्वन्धित कार्यालय/संघ संस्थाहरुको नीति, उद्देश्य, कार्यक्रम तथा बजेटको वारेमा जानकारी गराउनु थियो । उक्त गोष्ठीमा सहभागीहरुलाई सहभागितात्मक योजना तर्जुमाको महत्व, चरण एवं प्रक्रियाको वारेमा जानकारी गराइएको थियो । यस कार्यक्रमका अध्यक्ष रहनु भएका स्थानीय विकास अधिकारीले कार्यक्रमको शुभारम्भ तथा अतिथि एवं सहभागीहरुको स्वागत गर्दै कार्यक्रमको समग्र उद्देश्यको बारेमा, सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु र निर्धारित जिल्ला विकास योजना तर्जुमाको प्रस्तावित समय तालिकाको वारेमा, योजना तर्जुमा प्रकृयाको मार्गदर्शन तथा वजेट सिलिङ्ग बारे र विषयगत समिति समायोजन तथा संयोजकको किटानी, बिषयगत कार्यालयहरुको आ.व २०७०/०७१ को बजेट सिलिङ्ग तथा मार्गदर्शन बारे थप जानकारी गराइएको थियो ।

कार्यक्रममा वस्तीस्तरवाट उपभोक्ताको सहभागितामा छनौट गरिएका योजनाहरुको संकलन गर्न गा.वि.स.सचिवहरुसंग छलफल अन्तर्क्रिया गरी विषयगत योजना संकलन फारामहरु वितरण समेत गरिएको थियो ।

### ख. वस्तीस्तरमा योजना तर्जुमा

पूर्व योजना तर्जुमा गोष्ठीमा गाउँ विकास समितिका गाविस सचिवहरुसंग भएको छलफल/अन्तर्क्रिया पश्चात गाविसका हरेक वस्ती/गाउँका उपभोक्ताहरुको सहभागितामा सहभागितात्मक प्रक्रिया अनुरुप योजनाको पहिचान तथा संकलन गर्ने कार्य सम्पन्न गरियो ।

### ग. गाउँ विकास समितिको वैठक/परिषद्

गा.वि.स.का वस्ती तथा वार्डहरुवाट माग भई आएका योजनाहरु माथि गा.वि.स. वैठकबाट प्राथमिकताको आधारमा क्रमवद्ध गरी गा.वि.स.स्तरबाट गर्न सकिने योजनाहरुलाई गाविसको साधनश्रोत अनुसार गर्ने र गाविसको श्रोतबाट सम्भव नभएका योजनाहरुलाई गाविस परिषद्बाट पारित गरी ईलाकास्तरीय गोष्ठीमा पेश गरिएको थियो ।

**घ. ईलाकास्तरीय योजना तर्जुमा गोष्ठी**

पूर्व योजना तर्जुमा गोष्ठीबाट निर्धारित समय तालिका अनुसार निम्नानुसारको कार्यक्रमका आधारमा ईलाका स्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको थियो ।

| ईलाका नं· | मिति | स्थान | समय |
|---|---|---|---|
| १ | २०६९।१०।१४ | गाडकोट गाविस, भेल्टार | विहान १०:०० बजे |
| २ | २०६९।१०।१५ | रामपुर गाविस भवन | विहान १०:०० बजे |
| ३ | २०६९।१०।१६ | गेभ्का गाविस भवन | विहान १०:०० बजे |
| ४ | २०६९।१०।१७ | देवीनगर गाविस भवन | विहान १०:०० बजे |
| ५ | २०६९।१०।१८ | ताहु गाविस भवन | विहान १०:०० बजे |
| ६ | २०६९।१०।१८ | झडेवा गाविसको देवगीर | विहान १०:०० बजे |
| ७ | २०६९।१०।१९ | चापपानी गाविस भवन | विहान १०:०० बजे |
| ८ | २०६९।१०।१७ | तेल्घा गाविस भवन | विहान १०:०० बजे |
| ९ | २०६९।१०।१८ | भैरवस्थान गाविस भवन | विहान १०:०० बजे |
| १० | २०६९।१०।१९ | अर्गली गाविस भवन | विहान १०:०० बजे |
| ११ | २०६९।१०।१० | छहरा गाविस भवन | विहान १०:०० बजे |
| १२ | २०६९।१०।९ | पालुङ्गमैनादी गाविस भवन | विहान १०:०० बजे |
| १३ | २०६९।१०।१७ | कचल गाविस भवन | विहान १०:०० बजे |

यस गोष्ठीमा पाल्पा जिल्लाका जिल्लास्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, ईलाकास्तरीय राजनीतिक दलका प्रतिनिधि र महिला प्रतिनिधिहरु, पूर्व जिविस सभापतिहरु, गाविसका गाविस सचिवहरु, विषयगत कार्यालय एवं विभिन्न गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु र जिविसका सम्वन्धित कर्मचारीहरुको उपस्थितिमा गा.वि.स.स्तरबाट माग गरिएका योजनाहरु तथा इलाका स्तरीय योजनाहरुको प्राथमिकता निर्धारण गरियो ।

यस गोष्ठीमा जिविस कर्मचारीहरुबाट मतव्यको क्रममा निम्न कुराहरुमा प्रकाश पारिएको थियो :

- आजिवियोको लक्ष, विषयगत उद्देश्य र रणनीति अनुरुप योजनाको प्राथमिकीकरण गर्ने प्रक्रिया
- विकाससंग सम्वन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुको कार्यक्षेत्र
- गाविसले आवश्यक ठहऱ्याएका तर गाविस अनुदानबाट नभ्याईने खालका योजनाहरु
- जिल्ला विकास समितिसंग माग गर्ने ईलाकास्तरीय योजनाहरु
- विषयगत कार्यालयहरुमा माग गर्ने ईलाकास्तरीय योजनाहरु
- अ/गैसस, दातृ निकायसंग माग गर्ने प्रकृतिका योजनाहरु
- केन्द्रसंग माग गर्ने योजनाहरु

गोष्ठीमा चालु आ.व ०६९/०७० को कार्यक्रमको समग्र अवस्था वारे समिक्षात्मक प्रस्तुती, योजना तर्जुमा प्रकृया तथा जिल्ला स्तरीय बजेट सिलिङ्ग एवं मार्गदर्शनबारे जिविस कर्मचारीहरुले सहजीकरण गर्नुभएको थियो । यस गोष्ठीमा विषयगत समितिका संयोजकहरुद्वारा विषयगत कार्यालय र संघ संस्थाहरुको नीति तथा कार्यक्रमहरुबारे जानकारी गराईएको थियो भने विषय विज्ञको रुपमा विषयगत कार्यालय प्रमुखहरुद्वारा योजनाहरुको प्राथमिकीकरण गर्न सहजीकरण गरिएको थियो । ईलाका स्तरीय गोष्ठीमा अघिल्लो आ.व.मा गरिएका गतिविधिहरुको समिक्षात्मक प्रस्तुति प्रभावकारी रहेको महसुस गरिएको थियो ।

## ङ. विषयगत योजना तर्जुमा समितिको वैठक

इलाकास्तरीय प्राथमिकता निर्धारण भई आएका योजनाहरुलाई विषयगत आधारमा प्राथमिकता निर्धारण गर्न यस वर्ष यस भन्दा अगाडि अपनाईएका कृषि समिति, सामाजिक समिति, उद्योग बन तथा वातावरण र पूर्वाधार विकास समितिहरुको बैठक निम्नानुसार बस्यो ।

| विषयगत समितिगत वैठक | मिति | समय |
|---|---|---|
| सामाजिक विकास | २०६९ फाल्गुण ८ | विहान ११:०० बजे |
| उद्योग वन तथा वातावरण | २०६९ फाल्गुण ८ | दिउसो २:०० बजे |
| भौतिक पूर्वाधार विकास | २०६९ फाल्गुण ९ | विहान ११:०० बजे |
| कृषि समिति | २०६९ फाल्गुण ९ | दिउसो २:०० बजे |

यस अघि जिल्ला विकास समितिको सर्वदलीय बैठकबाट कृषि समितिको संयोजकमा बरिष्ठ कृषि विकास अधिकृत, सामाजिक समितिको संयोजकमा जिल्ला स्वास्थ्य अधिकृत, उद्योग वन तथा वातावरण समितिको संयोजकमा जिल्ला वन अधिकृत, पूर्वाधार विकास समितिको संयोजकमा जिल्ला प्राविधिक कार्यालयका प्रमुख जिल्ला ईन्जिनियर रहनु भएको थियो भने विगत वर्षहरु देखि भौतिक पूर्वाधार समितिको सदस्य सचिवमा जि.प्रा.कार्यालयका ईन्जिनियर, कृषि समिति र उद्योग वन तथा वातावरण समितिको सदस्य सचिवमा कार्यक्रम अधिकत दुर्गा बहादुर थापा, सामाजिक समिति को सदस्य सचिवमा कार्यक्रम अधिकत बिनोद नेपाल लाई सदस्य सचिव तोकिएको थियो ।

आ.व.२०७०/०७१ को योजना तर्जुमाको क्रममा ईलाकास्तरबाट माग भई आएका विषयगत योजनाहरुको विवरण जिल्ला विकास समितिको कार्यालयबाट विषयगत समितिहरुले प्राप्त गरी संयोजकहरुद्वारा विषयगत समितिको बैठक पूर्व त्यस समिति अन्तर्गतका कार्यालय तथा संघ संस्थाहरु संग समन्वय/बैठक गरी उनीहरुको साधनश्रोतहरुको आधारमा ईलाकास्तरबाट आएका मागहरुलाई अधिकतमरुपमा समेटी वार्षिक विषयगत योजनाको अन्तिम मस्यौदा तयार गरी विषयगत योजना तर्जुमा समितिको वैठकमा ल्याईएको थियो । यस क्रममा विषयगत नीति, नियम, कार्यक्रम तथा वजेट परिधी भित्र रही इलाकास्तरबाट प्राथमिकता निर्धारण भई आएका योजनाहरुलाई विषयगत कार्यालय र संघ संस्थाहरुबाट आफ्नो कार्यक्रममा समाहित गरियो । विषयगत योजना तर्जुमा समितिले प्राथमिकता प्राप्त कार्यक्रमहरुलाई विषयगत कार्यालयहरुको योजनाहरुमा आगामी वर्षको जिल्ला विकास योजनामा समावेश गरी एकीकृत योजना तर्जुमा समितिमा पठाउने कार्य गरियो ।

## च. एकीकृत योजना तर्जुमा समितिको वैठक

सहभागितात्मक योजना तर्जुमाका विभिन्न चरणहरु पार गरी विषयगत समितिबाट स्विकृत भई आएका योजनाहरुको परिमार्जन एवं आवश्यक सुधार गर्न र विभिन्न विषयगत योजनाहरुलाई एक अर्कामा समन्वय गरी अन्तिम योजना तयार गर्नका लागि एकीकृत योजना तर्जुमा समितिको बैठक २०६९ फाल्गुण २० गते संम्पन्न गरियो । यस गोष्ठीमा निम्न विषयवस्तुहरुलाई विशेष प्राथमिकता दिई छलफल गर्नु प्रमुख उद्देश्य रहेएको थियो :

- योजना बर्गिकरणका लागि तयार भएको जिल्ला स्तरिय सोच अनुसार योजना प्राथमिकिकरणको बारेमा अवगत गराउने ।
- संभाव्य विकास प्रयासहरुलाई नछुटने र नदोहोरिने हिसावले विषय क्षेत्रगत प्रस्तुति र छलफल गर्ने ।

- विषय क्षेत्रगत प्रस्तुतीकरणका समयमा विषयगत कार्यालय/गैससले कुनै कार्यक्रम समावेश भए नभएको विचार पुऱ्याउने र प्रभावकारी रुपमा छलफल चलाउने ।
- विषयगत नीतिहरुको प्रस्तुति पश्चात अवलम्वन, उपयोगी थप नीतिको बारेमा पृष्ठपोषण लिई जिल्लास्तरीय नीति निर्माणमा सहयोग पुऱ्याउने ।
- ईलाका स्तरीय मागहरुलाई समेत समेटी विषयगत योजना तर्जुमा समितिमा छलफल भई तयार गरिएका विषयगत योजनाहरुको विवरणलाई अन्तिम रुप दिने ।
- नीतिगत कुराहरु प्रस्तुति, प्रस्तुतिमा छलफल, विषयगत क्षेत्रगत नीतिहरुमा कुनै नयाँ नीतिहरु थप, ईलाका स्तरबाट आएका योजनाहरु के कति समेटन सकियो त्यसको पुनरावलोकन गर्ने ।
- योजनाहरुको दिगोपनका वारेमा पृष्ठपोषण प्राप्त गर्ने ।

यस बैठकमा जिल्लास्तरीय राजनीतिक दलका प्रमुखहरु, पूर्व सांसदहरु, पूर्व जि.वि.स.सभापतिहरु, प्रमुख जिल्ला अधिकारी, सरकारी तथा गैरसरकारी विषयगत कार्यालय तथा संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मी, जि.वि.स.का सम्वन्धित कर्मचारीहरुको सहभागिता रह्यो । यस बैठकमा विषयगत समितिका संयोजकहरुबाट समितिवाट पारित भई आएका नीति तथा कार्यक्रमहरु ( अनुसूचीमा उल्लेखित) प्रस्तुत गरी ती कार्यक्रमहरु उपर प्राप्त प्रतिक्रिया तथा सुझावहरुलाई समेत समायोजन तथा परिमार्जन गरी एकीकृत जिल्ला विकास योजनाको प्रारम्भिक खाका तयार पारियो ।

### छ. जिल्ला विकास समितिको वैठक

एकीकृत योजना तर्जुमा समितिको वैठकवाट अन्तिमरुप दिई आएका योजनाहरुलाई समेटी अन्तिम जिल्ला विकास योजनाको अन्तिम दस्तावेज तयार गरी जिल्ला परिषद् बैठकमा प्रस्तुत गर्न जिल्ला विकास समितिको बैठक २०६९ फाल्गुण २२ र २३ गते सम्पन्न भयो । जिल्ला स्थित राजनीतिक दलका प्रमुखहरुको सहभागिता रहेको जिल्ला विकास समितिको बैठकबाट आ.व. २०७०/०७१ को जिल्ला विकास योजनाको अन्तिम मस्यौदा स्विकृत गरियो । जिविस वैठकमा मुख्यतया गा.वि.स.स्तरवाट माग भई आएका तर जिल्लास्थित विकाससंग सम्वन्धित कार्यालयहरुको कार्यक्षेत्र भित्र नपर्ने योजना माथि व्यापक छलफल गरी जि.वि.स.को आफ्नो साधन र स्रोतले सम्पन्न गर्न सकिने विभिन्न विषयगत योजनाहरुलाई प्राथमिकताको आधारमा छनौट गरिएको थियो भने आफ्नो साधन र स्रोतले सम्पन्न गर्न नसकिने केन्द्रिय स्तरका योजनाहरु छनौट गरी सम्वन्धित निकायमा पठाउने निर्णय गरिएको थियो ।

### ज. जिल्ला परिषद बैठक

सहभागितात्मक जिल्ला विकास योजना तर्जुमाको अन्तिम चरणमा जिल्ला विकास समिति पाल्पाको २१ औं जिल्ला परिषद्को बैठक २०६९ फाल्गुण २४ गते सम्पन्न भयो । आ.व.२०७०/०७१ को लागि जिल्ला विकास समिति पाल्पाको जिल्ला परिषद्ले रकम रु.१,८३,९७,१८,७७७।- को जिल्ला स्तरीय बजेट पारित गरेको छ । परिषद्ले कृषि, विद्युतिकरण, शिक्षा, पर्यटन, संचार लगायतका क्षेत्रका साथै सामाजिक समावेशीकरणलाई प्राथमिकता दिई महिला, वालवालीका, उपेक्षित, उत्पीडित, दलीत, आदीवासी जनजातिको विकासका क्षेत्रमा जोड दिईएको छ । परिषदबाट पारित बार्षिक कार्यक्रम, बजेट र महत्वपूर्ण निर्णयहरुलाई समायोजन गरी आ.व.२०७०/०७१ को वार्षिक जिल्ला बिकास योजना तयार गरी यसको कार्यान्वयनको लागि राष्ट्रिय योजना आयोग, मन्त्रालयहरु, विभाग, विषयगत कार्यालय तथा संघ संस्थाहरु, गाउँ विकास समितिहरु र सम्वन्धित निकायहरुमा पठाउने कार्य सम्पन्न गरियो ।

# जिल्ला विकास समिति, पाल्पाको तर्फबाट स्था.वि.अ.एवं परिषद अध्यक्षद्वारा आ.ब. ०७०/०७१ को लागि २१ औं जिल्ला परिषद वैठकमा प्रस्तुत

# वार्षिक नीति, बजेट तथा कार्यक्रम  सम्वन्धी मन्तव्य

**प्रमुख अतिथी श्रीमान सचिव ज्यू,**
**माननीय जिल्ला न्यायाधीश ज्यू,**
**प्रमुख जिल्ला अधिकारी ज्यू,**
**राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,**
**पूर्व सभासद एवं सांसद ज्यूहरु,**
**जिविस पाल्पाका पूर्व सभापति ज्यूहरु,**
**कार्यालय प्रमुख तथा प्रतिनिधि ज्यूहरु, गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,**
**पत्रकार/संचारकर्मी ज्यूहरु,**
**नागरिक समाज एवं विभिन्न संघ संस्थाका प्रमुख/प्रतिनिधि ज्यूहरु,**
**एवं उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु**

"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, पर्यटन सहितको पूर्वाधार" भन्ने मूल परिकल्पना बोकेर अगाडि बढेको प्रकृति र संस्कृतिले समृद्ध पाल्पा जिल्लाको २१ औं जिल्ला परिषद्को गरिमामय सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि एवं आमन्त्रित अतिथिज्यूहरु लगायत सम्पूर्ण सहभागी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै अभिवादन टक्रयाउँछु।
मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

राष्ट्रको समग्र पद्धति अस्थिर रहेका वेला पनि नेपाली जनताले विकासको विहानी र समृद्धिको परिकल्पना गरेर बसेका छन। देशको विशिष्ट राजनैतिक परिस्थितिका कारण २०५९ साल देखि नै स्थानीय निकायहरु जनप्रतिनिधिविहीन रहन जादा कर्मचारीहरुबाट काम गराउने गरी नेपाल सरकारले विशेष व्यवस्था गरेको यस समयमा जि.वि.स.को कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने समस्त राजनैतिक दलहरु, नागरिक समाज, सरकारी र गैरसरकारी कार्यालय, संघ संस्थाहरु, निजी क्षेत्र एवं पाल्पा जिल्लावासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु। साथै समग्र जिल्लाको विकासका लीग जिल्लाका राजनीतिक दलहरु, सेवा प्रदायक कार्यालय संघ संस्थाहरुसंग साझेदारी र सहयात्रा गर्दै जिल्ला विकास समितिले समग्र विकास प्रक्रियालाई अगाडी बढाउने कार्यमा प्रतिवद्धताका व्यक्त गर्दछु।

नेपालको युगान्तकारी राजनैतिक परिवर्तन पछि सहमति, सहकार्य र सामाजिक सद्भाव कायम गर्दै देशको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु आजको प्रमुख चुनौती हो। सो चुनौतीको समाधानमा योगदान पुऱ्याउने उद्देश्यले आ.व.२०६९/०७० को संसोधित लक्ष्य र आ.व.२०७०/०७१ को प्रस्तावित जिल्ला विकास योजना यस गरिमामय परिषद् मार्फत सार्वजनिक गर्दा म अत्यन्तै गौरवान्वित भएको छु।

विकास योजनाका केन्द्र विन्दु जनता हुन् र त्यसको माध्यम पनि जनता नै हुन्। त्यसैले उनीहरुले अनुभूति गरेका वर्तमान राजनैतिक परिर्वतनलाई संवोधन गर्नसक्ने खालका योजना र कार्यक्रमहरु समावेश गर्ने गरी सहभागितात्मक योजना तर्जुमाका माध्यमले बस्ती, वडा, गा.वि.स., गाउँ परिषद्, ईलाका गोष्ठी, विषयगत समिति, एकिकृत समिति हुदै जि.वि.स.ले प्राथमिकता प्रदान गरी संयोजन र समायोजन गरेका आयोजना र कार्यक्रमहरुलाई उपलव्ध सिमित स्रोत साधनको अवस्था र क्षमताको परिधिमा रही आ.व.२०७०/०७१ को जिल्ला विकास योजनामा समावेश गरिएको छ। इलाकास्तरीय योजना तर्जुमा समितिमा प्राथमिकतामा परेका आयोजनाहरुलाई उच्च प्राथमिकता दिइएको छ। जिल्ला विकास योजना तर्जुमामा विषयगत कार्यालयहरु, गैर सरकारी संस्थाहरु र नीजी क्षेत्रको समन्वयमा योजना तर्जुमा गर्ने परिपाटी लाई प्रभावकारी बनाइएको छ।

यस जिल्लामा राजनीतिक दलहरुमा रहेको समन्वय, सहकार्य,  सद्भाव र नागरिक समाजबाट प्राप्त हुने सहयोग हाम्रा लागि अवसरको रुपमा रहेको  छ। यस्तो दलीय अनुपम एकताले गर्दा पाल्पा जिल्लाको विकास निर्माणमा थप गति सिर्जना भएको सन्देश सुनाउन पाउँदा सुखद अनुभूतिको महसुस गरेको छु।

नागरिक समाज र संचार क्षेत्रको बढदो भूमिका र सेवाग्राहीमा बढदो सचेतनाले हामीलाई सकारात्मक रुपमा काम गर्न उर्जा प्रदान गरेको छ भने कर्मचारीतन्त्रमा दक्षता र सीप अभिवृद्धि गरी जनताका आकांक्षालाई संवोधन गर्नसक्ने क्षमता विकास गर्न, सर्वसाधारणलाई अनुभुत हुने गरी सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउन र सुशासनलाई संस्थागत गर्दै लैजान थप प्रयास गर्नुपर्ने चुनौती हाम्रा सामु उभिएको छ । त्यस्तै योजना संख्या र कार्यक्रम बढी तर प्राविधिक जनशक्ति कमी हाम्रा समस्याका रुपमा रहेको छ भने उपभोक्ता समितिको पर्याप्त क्षमता विकास गर्नु, अनुगमनलाई प्रभावकारी बनाउनु, लक्षित कार्यक्रमलाई लक्षित वर्गको प्रत्यक्ष हितमा पुऱ्याउनु, अत्यधिक हेभी ईक्युप्मेण्ट प्रयोगले हुने वातावरणीय क्षतिलाई नियन्त्रण गर्नु हामीलाई ध्यानाकर्षण गर्ने विषय बनेका छन् ।
अव म गत वर्ष र यस आ.व.को माघ मसान्त सम्मको संचालित कार्यक्रमका लक्ष्य प्रगति र उपलब्धिलाई बुदागत रुपमा उल्लेख गर्न चाहन्छु ।

## १. कार्यक्रम तर्फको लक्ष्य र उपलब्धि :

गत आ.व. २०६८/०६९ मा जिविसले २७ वटा विभिन्न विषयगत कार्यक्रमहरु अन्तर्गत विभिन्न आयोजनाहरु संचालन गरेको थियो । यसका लागि विनियोजित कुल रु. ५२ करोड १५ लाख ०३ हजार मध्ये असार मसान्त सम्म रु. ४६ करोड ५३ लाख ९६ हजार निकासा भै ४५ करोड ७२ लाख १० हजार खर्च हुन गई वित्तीय प्रगति ८७.७ प्रतिशत हुन गएको छ ।

यस मध्ये पूंजीगत तर्फ ४ करोड ९४ लाख ८५ हजार विनियोजन भएकोमा ४ करोड ८३ लाख ६० हजार निकासा भई रु. ४ करोड १ लाख ७४ हजार खर्च भएको र चालु तर्फ ४७ करोड २० लाख १८ हजार विनियोजन भएकोमा रु ४१ करोड ७० लाख ३६ हजार निकासा भई रु.४१ करोड ७० लाख ३६ हजार खर्च भएको छ । निक्षेपित कार्यालय तर्फ रु. ४३ करोड ३४ लाख ५२ हजार विनियोजन तथा निकासा भई सोही बराबरको रकम खर्च भएको छ ।

कार्यक्रमगत रुपमा गत वर्ष हामीले सडक तर्फ : सडक कालोपत्रे गर्ने कार्य (ओटासिल गर्ने कार्य) २.९ कि.मी सम्पन्न, ट्र्याक खोल्ने कार्य तर्फ ६.५ किमी, मोड सुधार, ग्रेड सुधार तथा सडक चौडा गर्ने कार्य ८७ कि.मी. नियमित मर्मत सम्भार १४२ कि.मी., कच्ची नाली निर्माण ४ कि.मी. ग्राभेलिङ्ग र सोलिङ्गको कार्य २ कि.मी., साथै जिविस कोषबाट संचालन हुने ग्रामीण सडकहरुमा मर्मत सुधार गर्न ५२ गा.वि.स. र १ नपा समेतमा गरी ८१ वटा सडक मर्मत सुधार कार्य जविस र गाविसको साझेदारीमा मर्मत गरिदै आएको छ । ग्रामीण पहुँच सुधार तथा विकेन्द्रिकरण परियोजनाबाट रामपुरसम्म ओटासील कार्य प्रारम्भ गरिएको छ भने २ वटा सडकमा ३७.३ कि.मी. ओटासील गर्ने र संरचना निर्माणको लागि निर्माण व्यवसायीसंग संझौता भई निर्माण कार्य संचालनमा रहेको छ र १ वटा सडक सुधारका लागी ठेक्का स्विकृति भई कार्य अगाडी बढिरहेको । सडकमा परेका जग्गाको लगत कट्टा गरी लालपूर्जा प्राप्त भएको छ भने क्षतिग्रस्त संरचना र घरजग्गाको लागि वातावरण तथा सामाजिक सुरक्षा नीति वमोजिम १२६ परिवारलाई राहत वितरण गरिएको छ ।

झो.पु. तर्फ गत वर्ष झोलुङ्गे पुल नयाँ निर्माण कार्य सम्पन्न ३ र १३ वटा कार्यान्वयन चरणमा छन । ११२ वटा पुल नियमित मर्मत तथा ५ वटा झो.पु.को वृहत मर्मत कार्य सम्पन्न गरिएको छ । सडकपुल निर्माण तर्फ ढुङ्गानाबेसी मित्याल सडकको निस्दीखोला, डुम्रे मस्याम सडकको डुम्रेखोला र अम्लावास वल्घा अर्घाखाँची सडकको हरिआँप खोला (टाटीमघाट) मा सडकपुल निर्माण कार्य तदारुकताका साथ अगाडि बढाइएको छ ।

विद्युतिकरण तर्फ १६ आयोजनाबाट ३१.९ कि.मी. विद्युत लाईन विस्तार भएको छ । ७ वटा लघु तथा साना जलविद्युत आयोजना सम्पन्न गरी ८४.७ कि.वा. विद्युत उत्पादन गरिएको छ । सुदूरमा उज्यालो अभियान अन्तर्गत फेक, छहरा र सत्यवती गरी ३ गाविसका ३२ घरपरिवारमा नमूना सोलार जडान कार्यक्रम सम्पन्न गरिएको छ । जिल्ला विकास समितिबाट जल्पा, कोलडाँडा, दोभान र ठीमुरेमा एचटी, एलटी लाईन तथा ट्रान्सफर्मरको व्यवस्था गरी विद्युत सुविधा उपलब्ध गराउने गरी कार्य अगाडी बढाइएको छ । गत आ.व.मा पाल्पा जिल्लामा २३४२ वटा सुधारिएको चुल्हो निर्माण गरिएको छ ।

पुन:निर्माण तर्फ द्वन्दबाट क्षतिग्रस्त १० गा.वि.स. भवन,२ वटा उप स्वा.चौकि, ५ वटा विधालय, २ वटा अन्य पुर्वाधारको निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाह भैसकेको छ भने तानसेन गोर्खेकोटमा आदिवासी जनजाति भवन निर्माणाधिन अवस्थामा छ ।

खानेपानी तथा सरसफाई कार्यक्रम तर्फ ६४ धारा, १३ ईन्टेक निर्माण, ५.५८ कि.मी. पाईपलाईन मार्फत खानेपानी सुविधा उपलब्ध गराईएको छ । खानेपानी आयोजना तर्फ ३ आयोजना सम्पन्न गरी थप १२०० जनसंख्यालाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराइएको छ । ५ वटा खानेपानी आयोजनाहरुको संभाव्यता अध्ययन गरी सम्भाव्य १० आयोजनाहरुको विस्तृत सर्भेक्षण गरिएको छ । गत आ.व.मा १३ वटा खानेपानी तथा सरसफाई तालिम संचालन र ८८४ शौचालय निर्माण भई करिव ४८६२ जनसंख्या लाभान्वित भएका छन ।

पाल्पा जिल्लाका भैरवस्थान, नायरनम्तलेस, चिर्तुङ्गधारा, खस्यौली र सत्यवती गरी ५ गाविसहरुलाई खुल्ला दिशामुक्त गाविस घोषणा गरिएको छ भने मुझुङ्ग गाविसमा चैत्र महिनामा खुल्ला दिशामुक्त गाविस घोषणा गर्ने कार्यक्रम तय गरिसकिएको छ भने पालुङ्गमैनादी, मदनपोखरा, वौघागुम्हा, वन्दीपोखरा, पोखराथोक लगायतका गाविसहरु समेत चालु वर्षमा करिव १० गाविसहरुलाई खुल्ला दिशामुक्त गाविस घोषणा गरी सन २०१५ सम्ममा पाल्पा जिल्लाका सवै घरपरिवारलाई आधारभुत सरसफाई सेवा उपलब्ध गराइने छ । यस अभियानमा खानेपानी तथा सरसफाई समन्वय समितिले न्यून सरसफाईको अवस्थामा रहेका भनि किटान गरेका ८ गाविसहरुलाई उच्च प्राथमिकता दिइनेछ । कचल गाविसलाई नमूना उर्जा तथा वातावरणीय गाविस, मुझुङ्ग र हुमीनलाई धुवारहित गाविसको रुपमा घोषणा गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम मार्फत ८ भवन मर्मत संभार भएको छ भने १२ अन्य आयोजनाहरु संचालन भएका छन ।

भारतीय दूताबासको सहयोगमा भवानी उ.मा.वि.कुसुमखोलाको भवन निर्माण कार्य सम्पन्न भएको छ भने रम्भा उच्च मा.वि. ताहु र नव आदर्श बहुमुखी क्याम्पस देउराली गरी २ वटा विद्यालयको भवन निर्माणको कार्य संचालनमा रहेको छ ।

साना सिंचाई कार्यक्रम तर्फ ९ वटा आयोजनाहरु संचालन गरी १९१२ मिटर कुलोको लाइनिङ्ग लगायतका कार्य गरी थप २.९ हेक्टर क्षेत्रमा सिंचाई सेवा उपलब्ध गराइको छ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत पाल्पा जिल्लाका ६५ वटै गाउँ विकास समितिहरुमा समाजिक परिचालनका कार्यक्रमहरु संचालन गरिएको छ । यस तर्फ वडा नागरिक मञ्च संख्या ५८५ गठन भएका छन भने सेवा प्रदायक संस्था संख्या १२ मार्फत गाउं र वडा नागरिक मञ्चमा सहभागी संख्या १५२२० पुर्‍याइएको छ ।

जिविसबाट गाउँ विकास कार्यक्रम र सामुदायिक विकास कोष, गरीवसंग विश्वेश्वर कार्यक्रम मार्फत जिल्लाका २३ गाविसमा आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिएको छ । जिविस तथा गाविसका कर्मचारी, स्थानीय स्तरका राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता तथा अन्य साझेदारहरुको क्षमता विकास गर्न ३ वर्षे क्षमता बिकास योजना तयार गरी कार्यक्रम संचालन गर्दै आएकोमा आगामी दिनमा पनि क्षमता विकास योजना अनुसारका कार्यक्रमहरु संचालन गरिने छ ।

पाल्पा जिल्लाको पर्यटन विकासमा टेवा पुर्‍याउन होम स्टे कार्यक्रमलाई विस्तार गर्दै लगिने र जि.वि.स.द्वारा तयार गरिएको जिल्ला पर्यटन गुरुयोजना अनुसार नेपाल सरकार, स्थानीय निकायहरु, निजी क्षेत्र र सम्वन्धित निकायहरुसंग समन्वय गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम संचालन गरिने र राष्ट्रिय महत्वका पर्यटकीय कार्यक्रमहरुलाई सफल पार्न सरोकारवालाहरु संगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छन ।

गत आ.व.मा साना ठूला गरी जि.वि.स.ले करिव ६२२ वटा निर्माण तथा अन्य योजनाहरु संचालन गरेको छ ।

गत आ.व.को न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा पाल्पा जिल्ला विकास समितिले विगतको आफ्नो पहिचानलाई कायमै राखी पहिलो श्रेणीको थप अनुदान रकम प्राप्त गर्ने जिल्लाको रुपमा आफुलाई राख्न सफल भएको र गा.वि.स.हरुको न्यूनतम् शर्त मापनमा समेत गाविसहरुको उत्कृष्ठ प्रयासका कारण गत आ.व.मा पाल्पा जिल्लाका सम्पूर्ण गाविसहरु सफल भै गा.वि.स.हरुलाई थप अनुदान प्राप्त हुने अवस्था

रहेको छ । गा.वि.स.को योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि गाविसस्तको समन्वयमा नै रहने गरी प्राविधिकहरुको व्यवस्था गरिएको छ ।

गाविस केन्द्रसम्म सडक नपुगेका गा.वि.स.हरुमा सडक पुऱ्याउने नीति अन्तर्गत गाविस केन्द्रसम्म सडक पुऱ्याउनका लागि विशेष बजेटको व्यवस्था मिलाईको छ । पाल्पाको प्रमुख पर्यटकीय स्थल रानीमहलसम्म सडक पुऱ्याई यातायात सुचारु गरिएको छ ।

कृषि तथा पशुपालनका क्षेत्रमा सम्वन्धित कार्यालयहरु मार्फत वेमौसमी तरकारी खेति तथा व्यवसायिक पशुपालन कार्यक्रमलाई नमूनाको रुपमा अगाडि बढाउन विशेष व्यवस्था मिलाइएको छ । विगत आ.व.का नियमित कार्यक्रम बाहेक  शान्तिको लागि विकास कार्यक्रम, वस्ती विकास कार्यक्रम, युवा साझेदारी कार्यक्रम, केन्द्रिय सडक कार्यक्रम, जनसहभागितामा आधारित कार्यक्रम, स्थानीय यातायात क्षेत्रगत पूर्वाधार विकास कार्यक्रमहरु समेत अगाडि बढाइएको छ । यस अवधिमा सामुदायिक विकास कोष, गाउँ वातावरणीय विकास कोष, मागमा आधारित सेवा कार्यक्रम, पूर्ण सरसफाई कार्यक्रमहरु प्रभावकारी कार्यक्रमका रुपमा देखिएका छन । जिल्लाका विषयगत कार्यालयहरुसंगको साझेदारिमा सिमान्तकृत कृषक परिवारहरुका लागि आय आर्जनमा टेवा पुऱ्याइएको  छ । कालीगण्डकी कोरिडोर, वासटारी झडेवा गोठादी महलपोखरी सुनवल सडक, रामपुर वेलडाँडा मित्याल आरुङ्गखोला सडक, सालझण्डी सुन्दरढुङ्गा सडक, रहवास मटेरी दुम्किवास सडक जस्ता रणनीतिक सडकहरुको ट्र्याक खोल्ने र सुधार गर्ने कार्यलाई जोड दिइएको छ ।

वायोईन्जिनियरिङ्ग क्षेत्रमा ग्रामीण सडक किनार र अन्यत्र अमृसो रोपणमा सहयोग गरिएको छ । जिविसमा जिल्लास्तरीय आयोजनाको मर्मत संभार कोष, दैवीप्रकोप विशेष कोष, प्रकोप व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष, मानव संसाधन विकास कोष, महिला/वालवालीका/जेष्ठ नागरिक कोष, गरिवी निवारण तथा सामाजिक विकास कोष स्थापना गरी कार्यान्वयनमा ल्याईएको छ । जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली, जि.वि.स.को संस्थागत सुधार तथा क्षमता विकास योजना निर्माण र कार्यान्वयनको क्रममा छन् ।

सामाजिक सुरक्षा तर्फ गत आ.व.मा जेष्ठ नागरिक अन्य १०७३९ जना, दलित जेष्ठ नागरिक २१०४ जना, असहाय विधवा ८६५५, आंशिक अपाङ्ग ७५, र पूर्ण अपाङ्ग ४७ जना, लाई ११ करोड ९० लाख २४ हजार भत्ता वितरण गरिएको छ भने यस सोही अनुरुप चालु आ.व.मा पनि प्रभावकारी रुपमा वितरण गर्ने व्यवस्था मिलाइएको छ । यस सुरक्षा कार्यक्रम अन्तर्गत दलित वाल सुरक्षा तर्फ गत वर्षमा ३६४४ जना र यस आवमा ३९४६ जना ५ वर्ष मुनिका दलित वाल वालिकालाई मासिक २०० का दरले दलित वालपोषण भत्ता दिइने छ । सामाजिक सुरक्षा लगत तयार गरी भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नामावली तयार गरी सार्वजनिक गर्ने परिपाटी बसालिएको छ ।

पंजिकरण तर्फ जन्मदर्ता ७६७६, विवाह दर्ता ३१२३, सम्वन्ध विच्छेद ४, मृत्यूदर्ता २३०१ र १०४९ वसाईसराईबाट २६८९ जना वाहिर गएको र ७०८ जना भित्र बसाई सराई आएको देखिन्छ ।

अन्य निकायको सहयोगमा संचालन गर्ने कार्यक्रम अन्तर्गत नेपाल सडक वोर्ड, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, भारतीय दूतावास, वातावरण मन्त्रालय, उपेक्षित उत्पिडित दलित वर्ग उत्थान समिति तर्फका कार्यक्रमहरु संचालन गरिएका छन् । योजना व्यवस्थापनलाई प्रभावकारी वनाउन वार्षिक खरिद योजना र कार्यान्वयन योजना बनाउने साथै विभिन्न निर्देशिका र विनियमहरु तयार गरी कार्यान्वयन गरिएको छ । विद्युतिकरण तर्फ विद्युत उत्पादन, प्रसारण, सामुदायिक विद्युतिकरण र सौर्य उर्जा क्षेत्रमा उल्लेख्य रुपमा लगानी बढाइएको छ । विभिन्न संघ संस्थाहरुको कार्यक्रममा साझेदारी र सहयोग भएको  छ । योजना कार्यान्वयनमा महिला सहभागितालाई प्रभावकारी गराउन ४० प्रतिशत अनिवार्य महिला सहभागिता र नेतृत्वमा महिलाको सहभागिता अनिवार्य गरिएको छ । झोलुङ्गेपुलको नियमित मर्मतको सुनिश्चितताको लागि तालिम तथा श्रोत साधन सहितको झो.पु. हेरालु व्यवस्था, नयाँ झो.पु. निर्माणको लागि सम्वन्धित गाविसले झो.पु. नियमित मर्मत गरेको हुनुपर्ने जस्ता पूर्व शर्त राखी कार्यान्वयनमा ल्याइएको छ । संचार क्षेत्र तर्फ ५ रेडियो र ७ स्थानीय पत्रिकाहरु संग साझेदारी गरी संचार क्षेत्र सहयोग कार्यक्रम अगाडी बढाइएको छ ।

युवा साझेदारी कार्यक्म तर्फ विभिन्न ८ वटा कार्यक्रमहरु कार्यान्वयन गरिएको छ । स्थानीय विकास कोषतर्फ १७ गाविसमा गाउँ विकास कार्यक्रम संचालन गरी २ करोड २६ लाख २८ हजार वचत

गरी २ करोड २० लाख २५ हजार लगानी भएको छ । घुम्तिकोष प्रवाहतर्फ ६७ लाख १७ हजार ऋण लगानी र ६८ लाख ८१ हजार असुली भएको छ ।

लक्षित वर्ग तथा सामाजिक समावेशीकरण कार्यक्रम तर्फ महिला, दलित, जनजाति र सिमान्तकृत वर्गको उत्थान र चेतना अभिवृद्धि कार्यमा सहयोग प्रदान गरिएको छ । हालसम्म जि.वि.स.ले ८३ वटा निर्माण व्यवसायीको इजाजत नविकरण गरेको छ । २३ वटा गैससहरुको नयाँ दर्ता र २०३ वटाको नवीकरणमा सिफारिस गरिएको छ । ५ वटा जल उपभोक्ता समितिको दर्ता र १५ वटा नवीकरण गरिएको छ ।

वेरुजू तर्फ जि.वि.स.को गत आ.व.सम्मको कुल वेरुजु २० करोड ८२ लाख ८२ हजार ४९० मध्ये २०६९/०७० को यस अवधिसम्म ५ करोड ९६ लाख ८७ हजार ८१२ रकम फर्छ्यौट भैसकेको छ । श्रेष्ता जली मिनाहा गर्नुपर्ने भई यस अघि सम्परिक्षणका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेश गरिएको वेरुजु रकम रु.१ करोड ५२ लाख ७ हजार ५३० सचिवस्तरीय निर्णय अनुसार फाईल र पत्रहरु संलग्न गरी केन्द्रिय तहसिल कार्यालयमा मन्त्रालयको च.नं. ५३६ मिति २०६८।११।१६ बाट मिन्हाको लागि कार्वाही अगाडि बढाइएको छ । कतिपय वेरुजुहरु प्रमाण प्राप्त नहुने, व्यक्ति फेला नपर्ने र श्रेस्ता जलेको कारण, थप प्रमाण प्राप्त नहुने समस्याले सम्परिक्षण गर्न कठिनाई देखिएको छ ।

आयोजनाहरुको सर्वदलिय अनुगमन गर्ने परिपाटी बसेको छ । जि.वि.स.को आन्तरिक श्रोतमा केही बृद्धि हुने अवस्था रहेको छ । विकास गतिविधीलाई प्रभावकारी बनाउन पूर्वाधार विकासका कार्यक्रमहरुमा जिल्ला विकास समितिले रु.५ लाख भन्दा कम लागतका आयोजनाहरु संचालन नगरी प्राथमिकताका आधारमा ठूला र परिणाममुखी योजनाहरुमा लगानी गर्ने नीति अख्तियार गरी कार्यक्रम तर्जुमा गरेको । साना योजनाहरु सिधै गा.वि.स.हरु मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ । स्थानीय श्रोतबाट प्राप्त हुने राजश्व स्थानीय गा.वि.स.हरुमा बाडफाँड गर्ने परिपाटी बसेको छ भने श्रोत प्राप्त हुने क्षेत्रहरुमा ससाना पूर्वाधार विकासमा सहयोग पुऱ्याउने कार्यक्रम तय गरिएको छ ।

**१. समग्र कार्यक्रमहरुको कार्यान्वयन अवस्था :**

**जिल्ला विकास समिति अन्तर्गत चालु आ.व.मा निम्न परियोजना तथा कार्यक्रमहरु संचालनमा रहेका छन :**

**क. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र नेपाल सरकारका अन्य मन्त्रालयहरुबाट प्राप्त हुने माथी उल्लेख गरिएका विभिन्न पूर्वाधार निर्माण, सामाजिक तथा आर्थिक बिकासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।**

**ख. विश्व बैंकको सहयोगमा संचालित ग्रामीण पहुंच सुधार तथा विकेन्द्रीकरण परियोजना (RAIDP) अन्तर्गत यस जिल्लाका प्रमुख तीन वटा सडकहरुको स्तरोन्नति गर्ने काम, ओटासिल गर्ने काम, झो.पु.निर्माण र स्थानीय जनताले माग गरेका सामुदायिक पूर्वाधारका कार्यक्रमहरु पनि संचालन गरिएका छन ।**

**ग. भारतीय राजदुतावासको सहयोगमा भवानी उच्च मावि कुसुमखोलाको भवन निर्माण कार्य सम्पन्न गरिएको र हाल रम्भा उच्च मावि ताहु र नव आदर्श बहुमुखी क्याम्पस देउरालीमा भवन निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा रहेको छ ।**

**घ. स्थानीय शासन तथा समुदाय विकास कार्यक्रमबाट सामाजिक परिचालन कार्यक्रम मार्फत सम्पूर्ण ६५ गाविसहरुमा सामाजिक परिचालनको कार्यक्रमहरु संचालन गरिएको सोही कार्यक्रमबाट सामाजिक परिचालन हुने गाविसहरुमा वडा नागरिक मंच र गाउंस्तरमा नागरिक सचेतना केन्द्र मार्फत पहुंच नपुगेका वर्गहरुको योजना तर्जुमामा पहूंच पुऱ्याई प्रभावकारी योजना तर्जुमाको व्यवस्था गरिएको छ । साथै जिल्ला विकास समिति पाल्पाको आन्तरिक श्रोतबाट सामाजिक परिचालनद्वारा गाउं विकास कार्यक्रम १७ गा.वि.स.मा र गरीवसंग विश्वेश्वर कार्यक्रम ६ गाविसमा संचालन गरिएको छ ।**

**ङ. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा जिल्लामा उर्जा सम्वन्धी कार्य संचालन गरिएको छ ।**

**च. वस्ती विकास र शान्तिका लागि विकास कार्यक्रम जिविस मार्फत संचालन गरिएको छ ।**

## २. संस्थागत क्षमता तथा सुशासन विकास तर्फका कार्यहरु :

- जिल्ला र गाउं स्तरमा लक्षित क्षेत्र बिकासका कार्यक्रमहरु संचालन गर्न समन्वय समितिहरु गठन गर्ने कार्यलाई निरन्तरता दिईएको छ । तिनिहरुको क्षमता विकास सम्वन्धि कार्य अगाडि बढाइएको छ ।
- सुशासन कार्यान्वयन तर्फ सकारात्मक सार्वजनिक सुनुवाई र उपभोक्ता समितिवाट पब्लिक अडिटको कार्यहरुलाई विस्तार गर्दै लगिएको छ । सुशासन ईकाई र सार्वजनिक खरिद ईकाईलाई सक्रिय पारिएको छ । आयोजना स्थलमा होर्डिङबोर्ड राख्ने, खर्च सार्वजनिक गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी तोक्ने, नागरिक वडापत्रको कार्यान्वयन गर्ने गरी सेवा प्रवाहमा प्रभावकारिता बढाउने प्रयास जारी छ ।
- जिविसको कार्यलाई सार्वजनिकिकरण गर्न संचार क्षेत्रसंग सहकार्य गरी विकासको संचार र संचारको विकास भन्ने नीति अनुरुप सहकार्यलाई सुदृढ गरिएको छ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास योजना तथा मानव संसाधन विकास कार्ययोजनाका आधारमा कार्यक्रमहरु संचालन गरिएका छन । जिविसको संगठनात्मक विकास प्रतिवेदन (OD Report) को आधारमा कार्यालयको संगठन पुनःसंरचना समेत तयार गरिएको छ ।
- आन्तरिक राजश्व बृद्धिको लागि राजश्व परामर्श समितिलाई क्रियाशिल वनाइएको छ ।

## ३. योजना व्यवस्थापनमा सुधार :

- स्वीकृत योजनाहरु उपभोक्ता समिति मार्फत प्रभावकारी ढंगले संचालनका लागि उपभोक्ता समिति संचालन कार्यविधि निर्देशिका तर्जुमा गरिएको छ ।
- गाउंस्तरका योजनाहरु संचालन गर्नका लागि इलाका/उपयुक्त केन्द्र स्तरमा प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ ।
- प्रत्येक योजनाको लागि स्थानीय तहमै अनुगमन समिति गठन गरिएको छ ।
- निश्चित अवधि भित्र योजना संझौता नगरे रकम फ्रिज गर्ने वा घटाउने व्यवस्था गरि समयमै कार्यान्वयन गर्ने व्यवस्था भएको छ ।
- योजनाहरुको जाचपास तथा फरफारक गर्ने कार्यको लागि जाचपास समिति गठन गरिएको र प्रक्रियालाई सरल बनाईएको छ ।
- टेण्डर प्रक्रियालाई पारदर्शी गर्न जिविसबाट हुने सवै कार्यलाई ई-विडिङ मार्फत गर्न थालिएको छ ।

## ४. आन्तरिक आय र राजश्व परिचालन :

जिल्ला विकास समितिको आन्तरिक आय श्रोत विगत वर्षहरुको तुलनामा केही रुपमा वृद्धि भएता पनि जिल्लाको आवश्यकतालाई सम्बोधन गर्न कठिनाई भएको छ । नेपाल सरकारका नयां नीतिगत व्यवस्थाले घरजग्गा रजिष्ट्रेशन र निकाशी करमा प्रत्यक्ष असर परि जिल्लाको आन्तरिक श्रोत ज्यादै कमजोर हुन गएको कुरा यस गरिमामय परिषदमा जानकारी गराउदै नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । पहाडी जिल्ला भएकाले उल्लेखनीय रुपमा नयां श्रोतहरु पनि थप हुन सकेको छैन । आन्तरिक राजश्व वृद्धिगर्न कार्यटोली निमार्ण गरी सो टोलीको प्रतिवेदनको आधारमा केही करको दरमा परिमार्जन तथा करको दायरा फराकिलो वनाएको छ । राजश्वको श्रोतको दिगो विकास को लागि वजेट समेत विनियोजन गरिएको छ । करका दरहरुमा हेरफेर तथा अन्य विषय बजेट पुस्तिकामा समाहित गरिएको छ । कर असुली हुन नसकेका क्षेत्रहरुमा कर असुली प्रक्रियालाई आवश्यकता अनुसार व्यवस्थित गरिने छ ।

## ५. विभिन्न समिति र कार्यदलहरुको प्रगति :

गत जिल्ला परिषद् देखि हालसम्मको वेरुजु फछ्यौट कार्यदलको प्रतिवेदन, राजश्व वाडफाँड समितिको प्रतिवेदन, राजश्व परामर्श समितिको प्रतिवेदन, जाचपास समितिको प्रतिवेदन, जि.वि.स. र गा.वि.स.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको प्रतिवेदन, पदपूर्ति समितिको प्रतिवेदन, लक्षित वर्ग विकास कार्यक्रमको प्रतिवेदन, राजश्व प्रक्षेपण कार्यदलको प्रतिवेदन, स्थानीय विकास कोषको प्रतिवेदन, अन्तिम लेखा परिक्षण प्रतिवेदन र वार्षिक खरिद योजना सम्मानित परिषद समक्ष प्रस्तुत गरेको छु ।

## ६. जिल्ला स्तरीय प्रमुख नीतिहरु :

जिल्ला विकास समितिबाट आगामी आगामी आ.व.का कार्यक्रम तथा आयोजनाहरु संचालन गर्न निम्न प्रमुख नीतिहरु प्रस्ताव गरिएको छ :

- त्रिवर्षिय अन्तरिम योजना, सहश्राव्दी विकास लक्ष्य, जिल्लाको आवधिक जिल्ला विकास योजनाका लक्ष्य परिपूर्ति हुने योजनाहरुलाई प्राथमिकता दिईने छ।
- भौतिक पूर्वाधार विकास कार्यक्रम तर्फ रु.५ लाख भन्दा बढी लागतका योजनाहरुलाई रकम विनियोजन गर्ने निति लिइएको छ।
- सडक तर्फ यातायात गुरुयोजनालाई आधार बनाई सडक संजाल विस्तार गरिने र सडक नपुगेका प्रत्येक गा.वि.स.मा सडक संजाल पुऱ्याईने छ।
- पाल्पा हरियाली कार्यक्रमलाई बढावा दिन सडक निर्माण गर्दा सडकको दुवै तर्फ 'पाल्पा स्टाईलो' घास रोपण गर्ने नीति लिईएको छ।
- वातावरण संरक्षण प्रति सचेत हुँदै नयाँ निर्माण गरिने सडकको वातावरणीय प्रभाव अध्ययन गरेर मात्रै योजना कार्यान्वयन गरिने नीति लिइएको छ। डोजरको प्रयोगलाई निरुत्साहित तथा नियमित गर्न डोजर संचालन निर्देशिका जारी गरिसकिएको छ। विस्तृत सर्भेक्षण विना अव नयाँ सडक खन्न नियन्त्रण गरिने छ। उपभोक्ता समितिद्वारा सडक निर्माणमा डोजर/एस्काभेजर जस्ता हेभी ईक्युप्मेण्टको प्रयोगलाई पूर्णतः निषेध गरी मानव श्रमको उपयोगमा जोड दिइएको छ। यसबाट स्थानीय स्तरमा अल्पकालिन रोजगारिको सिर्जना हुनेछ।
- *"लगानीमा साझेदारी विकासमा जिम्मेवारी"* भन्ने भावनाका साथ सरकारी कार्यालय, गैसस निजीक्षेत्र, सामुदायिक संगठनहरु स्थानीय निकायको विकास सहयोगी साझेदार भएकोले उनीहरुसंग समन्वय र सहकार्य लाई जोड दिइने छ। निजीक्षेत्र, गैसस र नागरिक समाजले एक्लै वा साझेदारीमा पूर्वाधार विकास र सामाजिक हित प्रर्वद्धन हुने, रोजगार सृजना हुने जस्ता कार्यक्रम गर्दा स्थानीय निकायबाट सहयोग र प्रोत्साहन गरिने छ। तर त्यस्ता कार्यक्रम गर्दा सम्वन्धित कार्यालयसंग अग्रिम समन्वय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। जिल्लामा कार्यरत गैससहरुको भूमिकालाई थप पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउनका लगि जिविसमा गैसस डेस्कको स्थापना गरी सामाजिक नक्शांकन, गैसस प्रोफाइल तयारी, संस्थागत लेखाजोख, कार्यक्षेत्र किटानी समेत सोका आधारमा जिल्लामा कार्यरत गैसस तथा दातृ संघ संस्थाहरुसंग आवश्यक समझदारी (MOU) गरी एकद्वार नीति अनुरुप गैससहरु परिचालन गरिने छ।
- स्थानीय निकायको जनशक्ति व्यवस्थापन, संस्थागत क्षमता विकास, स्थानीय निकाय, विषयगत कार्यालय, साझेदार संघ संस्था, जनप्रतिनिधिहरु र सरोकारवालाहरुको क्षमता विकासका लागि आवश्यक पूर्वाधार सहित क्षमता विकास योजना अद्यावधिक गरी सोका आधारमा कार्यक्रम कार्यान्वयन गरिने छ।
- जि.वि.स.को सूचना शाखालाई सुदृढ गरी तथ्यांकमा आधारित योजना पद्धतिलाई जोड दिईने छ। साथै सूचनाको हक सम्वन्धि कानूनलाई दृष्टिगत गरी जि.वि.स.को सूचना केन्द्रलाई संस्थागत क्षमता अभिवृद्धि गरी जिल्लाका तथ्यांक उपलब्ध हुन सक्ने व्यवस्थापन सूचना प्रणाली सहितको जिल्ला सूचना केन्द्रको रुपमा विकास गरिने छ। साथै जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) कार्यान्वयनको प्रक्रिया अगाडी बढाईएको छ।
- जि.वि.स.को श्रोत वृद्धि गरी करका दरलाई फराकिलो पार्दै लगिने छ। नयाँ श्रोत पहिचान तथा भैरहेका श्रोतको दिगो परिचालनमा जोड दिइने छ। राजश्वका श्रोतहरुको दीगो व्यवस्थापनका लगि वहुवर्षिय कर प्रणालीको कार्यान्वयनमा ल्याईनेछ।
- राजश्वको उच्चतम परिचालन र उपभोगलाई व्यवस्थित गर्न प्रभावित क्षेत्रको वासिन्दासंगको सहकार्यमा आधारित रही तत्क्षेत्रमा संरक्षण एवं पूर्वाधार निर्माणमा साझेदारी गर्ने नीति लिईएको छ। राजश्व परिचालन गर्न गाविसहरुलाई समेत अधिकार प्रत्यायोजन गर्ने नीति लिईएको छ।

- लैङ्गिक समता तथा समावेशी विकास प्रक्रियालाई प्राथमिकता दिई कार्यक्रमहरु संचालन गरिने छ। यसका लागि गा.वि.स.स्तरसम्म गठित संयन्त्रलाई प्रभावकारी वनाई गाउँ र जिल्ला स्तरबाट प्राप्त हुने बजेटको प्रभावकारी कार्यान्वयन गरिने छ।
- शुसासन, पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम, वुलेटिन प्रकाशन, अन्य संचारका माध्यमहरु मार्फत अनुगमन मूल्यांकनलाई अझ व्यवस्थित गरी प्रभावकारी सेवा प्रवाहका माध्यमबाट जनतालाई सुशासनको अनुभूति गराउने प्रयास गरिने छ।
- जि.वि.स.बाट संचालन गरिने स-साना आयोजनाहरु संचालन गर्न गा.वि.स.हरुलाई सशर्त अनुदान दिने नीति यथावत राखिने छ।
- योजनाहरु समयमा सम्पन्न नगरी लामो समय सम्म अधुरो रहने र लागत बढदै जाने प्रवृत्तिलाई निरुत्साहित गर्न विशेष योजना र अवस्था वाहेक आयोजनाहरु एकै आ.व.मा सम्पन्न गर्नुपर्ने, यस्तो नगरेको अवस्थामा रकम फिज गर्ने पद्धति अवलम्वन गरिने छ।
- गाविसको आयोजना व्यवस्थापन, वजेट निकासा र खर्च प्रक्रियालाई सरलिकृत गर्नका लागि जिविसमा गाविस आयोजना सहजिकरण समितिलाई थप क्रियाशिल गराईने छ।
- गा.वि.स.को लेखा व्यवस्थित बनाउन बेलाबेलामा श्रेष्ता अनुगमन गरी आवश्यक सहयोग गरिनुको साथै गाविसको वेरुजु लगत अद्यावधिक गरी जिविसमा राखिने छ। लेखा परिक्षणलाई अझ प्रभावकारी वनाउदै गाविसहरुको वेरुजुको लगत राख्ने तथा बेरुजु फर्छ्यौटलाई अभियानको रुपमा लगिने छ।
- जिल्ला स्तरमा संचालन गरिने आयोजनाहरुको निर्माणका लागि उपभोक्ता समितिबाट निर्माण सामग्री वाहेक व्यहोर्नु पर्ने जनश्रमदानमा जिल्लाका ठूला ३ सडकहरु (आर्यभञ्ज्याङ्ग-रामपुर, हार्थोक-छहरा, वासटारी-झडेवा) मा ५% र अन्य आयोजनाहरुमा १५% न्यूनतम श्रमदान गर्नैपर्ने गरी श्रमदानको प्रतिशत यथावत राखिएको छ।
- "विकासमा महिला, पारदर्शिता र ईमान्दारितामा पहिला" भन्ने भावना साथ प्रत्येक आयोजनाहरुको कार्यान्वयनमा महिला सहभागिता न्यूनतम ४० प्रतिशत पुऱ्याइने छ। शत् प्रतिशत महिला उपभोक्ता भएको आयोजनामा उपभोक्ताले व्यहोर्नु पर्ने श्रमदानमा ५० प्रतिशत छुट दिईने व्यवस्थालाई यथावत राखिएको छ। उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये नेतृत्वको एक पदमा महिला राख्नै पर्ने व्यवस्था गरिएको छ। प्रत्येक योजनाको स्थानीय तहमै महिला सहितको अनुगमन समिति गठन गर्नै पर्ने वाध्यात्मक व्यवस्थालाई निरन्तरता दिईएको छ। महिला हिंसाका घटनाहरुलाई न्यूनिकरण गर्न लैङ्गिक हिंसा सचेतना कार्यक्रम अभियानका साथ संचालन गर्ने नीति लिइएको छ।
- शत प्रतिशत दलित उपभोक्ता भएको आयोजनामा उपभोक्ताले व्यहोर्नु पर्ने श्रमदानमा ५० प्रतिशत छुट दिईने नीति यथावत रहने छ।
- विषयगत समिति र विषयगत क्षेत्रका नीतिहरु विषयगत समितिहरुको कार्यक्रम प्रस्तुत गर्दा पेश गरिएको छ।
- नयाँ योजना छनौट गर्दा सूचकका आधारमा गरिने गत परिषद्को नीति यथावत राखिएको छ।
- *विकासको सूचना र सूचनाको विकास भन्ने* नीतिका साथ संचार क्षेत्रलाई सहयोग र तिनको क्षमता विकासको कार्यलाई निरन्तरता दिईने छ।
- विद्युत उत्पादनमा प्रोत्साहन गर्न विद्युत उत्पादन गर्ने आयोजनालाई ५ कि.वा.सम्म भए प्रति कि.वा.४० हजारका दरले र त्यस भन्दा माथि प्रति कि.वा.२० हजारका दरले थप अनुदान दिने नीति यथावत राखिएको छ। सामुदायिक विद्युतिकरणमा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकमको १० प्रतिशत अनुदान जिविसबाट दिइने नीति यथावत राखिएको छ।
- मदनपोखरालाई कृषि पर्यटन, वौघागुम्हालाई मगर सांस्कृतिक पर्यटन, तेल्घाको गुफाचौरलाई धार्मिक पर्यटन साथै रानीघाटलाई ऐतिहासिक तथा पुरातात्विक धरोहरको संरक्षण क्षेत्रका रुपमा विकास गरिने नीति यथावत राखिएको छ।

- समाजिक परिचालनका माध्यमबाट माग भई आएका महिला, वालवालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका, विपन्न, सिमान्तकृत, लोपोन्मुख तथा पछाडी परेका लक्षित समुदायको आर्थिक, सामाजिक, भौतिक तथा क्षमता विकास सम्वन्धि आयोजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिने छ । सोका लागि निश्चित रकमको व्यवस्थापन गरी सम्वन्धित वर्गकै सहभागितामा आयोजना तथा कार्यक्रम छनौट, प्राथमिकरण, बजेट विनियोजन र कार्यान्वयन गर्ने गराउने पद्धतीलाई प्रभावकारी बनाईने छ ।
- द्वन्द्वबाट प्रभावीत भौतिक संरचनाहरुको पुनःनिर्माण र जिर्णोद्धारलाई निरन्तरता दिइने छ भने द्वन्द्व पिडित व्यक्तिहरुको आय आर्जन र सीप विकास कार्यक्रममा सहयोगलाई निरन्तरता दिईने छ ।
- सन २०१७ सम्ममा सम्पूर्ण नेपालीलाई आधारभुत सरसफाई तथा खानेपानी सुविधा उपलब्ध गराउने नेपाल सरकारको नीति अनुसार स्थानीय निकाय र सम्वन्धित सरोकारवालाहरुको साझेदारीमा जिल्ला सरसफाई रणनीतिक योजनाका आधारमा पाल्पा जिल्लालाई सन २०१५ सम्ममा खुल्ला दिशामुक्त जिल्लाको रुपमा घोषणा गरिने छ भने संगसंगै गाविसहरुलाई धुवारहित गाविस घोषणा गर्दै लगिने छ ।
- स्थानीय निकाय समेतको सहयोगमा स्थानीय प्रशासनबाट संचालित कार्यक्रमको प्रभावकारिताका आधारमा ग्रामीण तहमा सेवा प्रवाह प्रभावकारी बनाउन एकिकृत घुम्ति शिविर, घरदैलो कार्यक्रम जस्ता कार्यक्रम लाई निरन्तरता दिइएको छ ।
- सवै सरकारी कार्यालय तथा गैसस द्वारा गरिने कार्यको समेत योजना स्थलमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था मिलाई सर्वसाधारणलाई सुसूचित गर्ने व्यवस्था मिलाइएको छ ।
- अदुवा, अमृसो र दालचिनीको श्रोत जिल्लाको रुपमा पाल्पालाई चिनाउन विशेष कार्यक्रम संचालन गरिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई VERS सफ्टवयरमा आधारित प्रणालीमा आवद्ध गरी पारदर्शी बनाईने छ ।
- पंजिकरण तर्फका व्यक्तिगत घटना दर्ता अभिलेखलाई स्थानीय पंजिकाधिकारीद्वारा अंग्रेजी भाषामा समेत जारी गर्ने नीति लिइएको छ ।
- तानसेन र आसपासका क्षेत्रको खानेपानी समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्नका लागि ठूला लिफ्ट खा.पा.योजना र डिप वोरिङ्ग गरी श्रोत थप गर्ने नीति लिईएको छ ।

## ७. जि.वि.स.का प्रमुख कार्यक्रमहरु :

अव म आगामी आर्थिक वर्ष २०७०/०७१ मा संचालन गरिने प्रमुख कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

१. ग्रामीण पहुचसुधार तथा विकेन्द्रीकरण परियोजनाको रु.१० करोड बाट हार्थोक छहरा, आर्यभञ्ज्याङ्ग रामपुर, बासटारी झडेवा सडकमा ओटासिल गर्ने कार्यलाई निरन्तरता दिईने छ । साथै आय आर्जन र गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने प्रकृतिका सामुदायिक पूर्वाधार निर्माण, झो.पु.मर्मत र जग्गा दाताहरुलाई पुरस्कृत गरिने छ ।

२. स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ रु.१ करोड ५८ लाखबाट निर्माण/मर्मत सुधार तथा स्तरोन्नती तर्फ ९ वटा, सडक निर्मा०ा मर्मत तर्फ १३ वटा सडकहरु निर्माण र मर्मत संभार गरिने छ भने ३ वटा सडक पुल निर्माण गरिने छ ।

३. जिविस अनुदान तर्फ रु.९३ लाखबाट क्रमागत सडक पुल कार्यक्रम, सडक मर्मत र इलाकास्तरबाट प्राथमिकता प्राप्त सडकहरुको निर्माण मर्मत कार्य संचालन गरिने छन ।

४. जनसहभागितामा आधारित विकास कार्यक्रम तर्फ ३ मुख्य र अन्य थप गर्ने गरी आयोजनाहरु तय गरिएको छ ।

५. सडक बोर्डबाट मर्मत संभार कार्यक्रम तर्फ जिविसको म्याचिङ्ग समेतको रकम रु. ५० लाखबाट ४ आयोजना संचालन गरिने छ ।

६. झोलुङ्गे पुल तर्फ २ करोड ३ लाख ९१ हजारबाट बृहत मर्मत, क्रमागत आयोजना निर्माण, पुल सर्भे, नयां झो.पु.निर्माण  गरिने छ भने सडक पुल तर्फ रु.१ करोड ५६ लाख ६० हजारबाट सडक पुल निर्माणका आयोजनाहरु संचालन गरिने  छ।
७. विद्युत विकास कार्यक्रम तर्फ रु.५० लाखबाट सामुदायिक विद्युतीकरण तर्फ ४ वटा आयोजना, ग्रामीण विद्युतीकण/विद्युत विस्तार कार्यक्रम तर्फ ११ आयोजना, र लघु जलविद्युत तर्फ १५ वटा आयोजना र वैकल्पिक उर्जा सम्वन्धि कार्यक्रम संचालन गरिने छ।
८. ग्रामीण खानेपानी तथा सरसफाई तर्फ रु. ९२ लाखबाट १४ वटा आयोजनाहरु संचालन, मर्मत संभार र सम्भाव्यता अध्ययनका कार्यक्रमहरु संचालन गरिने छ।
९. द्वन्द्वबाट क्षतिग्रस्त पूर्वाधारहरुको पुनःनिर्माण तथा पुनःस्थापन तर्फ रु. ५ करोड २० लाख रकमबाट १९ आयोजनाहरु संचालन गरिने छ।
१०. भारतीय राजदूतावासको आर्थिक सहयोग कार्यक्रमबाट २  वटा विद्यालयको भवन निर्माणकार्य शुरु गरिएको छ।
११. साना सिंचाई कार्यक्रमको रु. ३० लाखबाट सम्भाव्यता अध्ययन गरी सम्भाव्य ६ वटा  योजना कार्यान्वयन गरिने छ।
१२. साना प्रकोप नियन्त्रण कार्यक्रम तर्फ साना जल उत्पन्न प्रकोप न्यूनिकरणका आयोजनाहरु संचालन गर्न ७ लाख रुपैया प्रस्ताव गरिएको छ।
१३. सामाजिक सुरक्षा र दलित वालसुरक्षा कार्यक्रम तर्फ रु.१३ करोड ६८ लाख २६ हजार ४०० भत्ता वितरण गरिने छ।
१४. केन्द्रबाट प्राप्त हुने अन्य अनुदान रकम रु.२ करोढ ९ लाख ७० हजारबाट उपेक्षित उत्पीडित दलित उत्थान कार्यक्रम, आदिवासी जनजाति कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रम, पर्यटन पुरातत्व क्षेत्र विकास कार्यक्रम, राष्ट्रिय युवा परिचालन कार्यक्रम (युवा तथा खेलकुद मन्त्रालय), स्थानीय पूर्वाधार क्षेत्रगत कार्यक्रम र केन्द्रियस्तरका क्रमागत सडक कार्यक्रमहरु कार्यान्वयन गरिने छ। उल्लेखित कार्यक्रम तर्फका आयोजनाहरुको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ।
१५.नेपाल सरकारको नीति अनुसार सहश्राव्दी विकास लक्ष्य हासील गर्नेगरी जिल्लामा कार्यरत सरकारीकारी कार्यालय तथा गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरी लक्ष्य उन्मुख कार्यक्रमहरु संचालन गरिने छ।

## ८. जि.वि.स.को आफ्नै स्रोत साधनले गरिने कार्यक्रमहरु :

जि.वि.स.आन्तरिक श्रोत तथा राजश्व बाँडफाडको रकमकाट निम्नानुसारका कार्यक्रम तथा आयोजनाहरु संचालन गरिने  छ।

१. गरिवोन्मुख रोजगारमुलक आर्थिक क्षेत्र विकास कार्यक्रम
२. भौतिक पुर्वाधार विकास कार्यक्रम
३. मानव संसाधन विकास कार्यक्रमबाट जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, उपभोक्ता, निर्माण सहयोगी आदिको क्षमता विकास
४. सामाजिक क्षेत्र विकास कार्यक्रम
५. समावेसी विकास तथा लक्षित कार्यक्रमबाट महिला, अपाङ्ग, दलित र जनजाति र न्यून विकास भएका बर्गको उत्थान सम्वन्धी कार्यक्रम
६. संघ संस्था सहयोग तथा साझेदारी
७. सार्वजनिक सुनुवाई र शुसासन अभिवृद्धि कार्यक्रम
८. सूचना व्यवस्थापन तथा संचार क्षेत्र सहयोग कार्यक्रम
९. महिला हिंसा विरुद्ध सचेतना अभियान र जागरण कार्यक्रम
१०. संगठन विकास तथा सुदृढिकरण कार्यक्रम
११. विशेष कोष स्थापना र संचालन
१२. दूरदराजका विपन्न वस्तीमा उज्यालो कार्यक्रम
१३. लक्षित समुदाय केन्द्रित साना सामुदायिक पूर्वाधार विकास कार्यक्रम
१४. घरदैलो कार्यक्रम तथा घुम्ति शिविर संचालन

१५. जिविसमा गाविसहरुको वेरुजु लगत अद्यावधिक गरी अभिलेख व्यवस्थित गर्ने
१६. जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) संचालन

## ९. जिल्ला स्तरीय समन्वयमा गरिने कार्यक्रमहरु :

१. कृषि तथा पशु विकासको अध्ययन, प्रचार र सेवा विस्तारका कार्यहरु
२. सिमान्त कृषकका लागि व्यवसयिक तरकारी खेति
३. व्यवसायिक पशुपालन कार्यक्रम
४. अमृसो र दालचिनी संरक्षण र विस्तारको विशेष कार्यक्रम
५. सामुदायिक वनमा अमृसो रोपण तथा हरियाली कार्यक्रम
६. अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु
७. सरसफाई तथा शौचालय निर्माण अभियान
८. व्यवसायिक र वजारोन्मुख सीप विकास र रोजगारी प्रवर्द्धन कार्यक्रम
९. तानसेन खानेपानी उ.स.लाई वोरिङ परीक्षण अनुदान (प्रभास क्षेत्र)
११. रामपुर उपत्यका एकिकृत योजना व्यवस्थापन साझेदारी कार्यक्रम

## १०. केन्द्रिय स्तरमा माग गरिने कार्यक्रम तथा योजनाहरु :

१. कालीगण्डकी कोरिडोर सडकको निर्माण र स्तर बृद्धि
२. क्षतीग्रस्त सरकारी कार्यालयहरु र प्रहरी चौकिहरुको पुनःनिर्माण
३. तानसेनमा व्यवस्थित पशु वधस्थल निर्माण
४. तानसेन वैकल्पिक वसपार्क निर्माण
५. कालीगण्डकी लिफ्टीङ्ग खानेपानी आयोजना
६. तानसेन चक्रपथ (सिद्धार्थ राजमार्ग प्रभास सुनडाँडा वन्दीपोखरा ढुङ्गाखानी बतासेडाँडा श्रीनगर पछाडी गोर्खेकोट चिलाङ्गदी हुदै सिद्धार्थ राजमार्ग)
७. झडेवा-गोठादी-महलपोखरी-सुनवल सडक
८. घरेलु उद्योगहरुको गुणस्तर सुधार र विषय विविधिकरण र निर्यात प्रवर्द्धनात्मक कार्यक्रम
९. वुटवल दोभान खण्डको सडकको पुननिर्माण एवं पहिरो नियन्त्रण
१०. अदुवा कफी लगायतका नगदे वालीहरुको प्रसोधन केन्द्र स्थापना र कोल्डस्टोर निर्माण
११. अन्तरजिल्ला जोडने सडक संजाल निर्माण : कालिगण्डकी कोरिडोर सडक, रहवास दुम्किवास सडक, सालझण्डी सुन्दरढुङ्गा सडक, छहरा अर्घाखाँची सडक, रामपुर मित्याल आरुङ्गखोला सडक, वासटरी झडेवा जगात खैरेनी सडक, खस्यौली देउराली सिद्धेश्वर मनभाग गुल्मी सडक
१२. ऐतिहासिक मठमन्दिर र धार्मिक पर्यटकीय स्थलहरुको जिर्णोद्धार एवं मर्मत संभार
१३. रामपुर सिंचाई पुनःनिर्माण
१४. चुरेक्षेत्र संरक्षण, रामापिथेकस क्षेत्र संरक्षण कार्यक्रम
१५. सिलुवा विद्युत स्टेशन निर्माण गरी पूर्वी भेक लगायत सेवा नपुगेका गा.वि.स.हरुमा विद्युतिकरण
१६. भलायटार, कचलफाँट, एक्लेटार, ढुंगानावेसी, जोगनटारी सिंचाई
१७. रामपुर-रत्नपुर पक्किपुल, मनभाग पक्किपुल, गौरिघाट पुल, तिनाउखोला दोभान ५ पक्किपुल, मदनपोखरा अम्लिहान पक्कीपुल, रानीघाट कालीगण्डकी पक्कीपुल
१८. पाल्पाको विकटता र छरिएको गरिवीको कारण पाल्पामा गरिवी निवारण कोषको कार्यक्रम संचालन
१९. कालीगण्डकी नदी डाइभर्सन
२०. ग्रामीण पर्यटन प्रवर्द्धन कार्यक्रम, धार्मिक पर्यटकीय एवं ऐतिहासिक स्थलहरुको संरक्षण एवं सवर्द्धन कार्यक्रम, सामुदायिक वातावरणीय चेतना अभिवृद्धि तथा व्यवस्थापन कार्यक्रम, व्यावसायिक कृषि तथा पशुपालन, सिंचाई, वन तथा भूक्षय व्यवस्थापन, लक्षित क्षेत्र विकासका कार्यक्रमहरु

उल्लेखित आयोजना लगायत जिल्ला विकास समितिको श्रोत साधनबाट संचालन गर्न नसकिने कार्यक्रम तथा योजनाहरु केन्द्रस्तरबाट संचालन गर्नका लागि प्राथमिकता दिई मागको आधारमा सिफारिस गरिने छन ।

**माथी उल्लेखित कार्यक्रम कार्यान्वयनका सन्दर्भमा निम्न कुराहरु प्रमुख सवालका रुपमा देखा परेका छन :**

- निर्वाचित जनप्रतिनिधि नभएको अवस्थाका कारण कार्यक्रम कार्यान्वयनमा थप जटिलता आएको छ ।
- कार्यालय भवनको अपर्याप्तताले सहजसेवा प्रवाह प्रभावीत भएको छ ।
- डोजरको अत्यधिक प्रयोगबाट वातावरण मैत्री योजना संचालन गर्न कठिनाई भएको छ र यसबाट सिर्जना हुन सक्ने स्थानीय रोजगारी पनि घटेको छ ।
- अप्रयाप्त श्रोत साधनका वावजुद पनि गाविसस्तरका आयोजनाहरुको प्रयाप्त अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।
- कार्यक्रम स्वीकृति तथा बजेट निकासा ढिलो हुँदा हुँदै पनि कामको गुणस्तर र खर्चमा प्रभावकारीता ल्याउनु पर्ने अवस्था रहेको छ ।
- गैससहरुसंगको कार्यक्रममा दोहोरोपन हटाई प्रभावकारीता ल्याउनु पर्ने अवस्था वांकी नै छ ।
- घरजग्गा रजिस्ट्रेशन तर्फको राजश्व बाँडफाँडमा विकल्प विहिन ढंगले मालपोतबाट प्राप्त हुने रजिष्ट्रेशन दस्तुरको रकम कटौती गरिएको छ । आन्तरिक श्रोत वृद्धिका लागि नयाँ क्षेत्रहरुको विस्तार चुनौतिपूर्ण छ ।

आदरणीय प्रमुख अतिथि ज्यू , अतिथी ज्यूहरु,
अब म उल्लेखित कार्यहरु सम्पन्न गर्नका लागि आवश्यक वजेट पेश गर्न चाहन्छु । राजश्व परामर्श समितिको सिफारिस अनुसार जि.वि.स.ले पारित गरेको करका दरहरु प्रस्तुत गरेको छु, सोको विवरण अनुसूचीमा समावेश छ । विभिन्न विषयगत समितिहरु र एकिकृत समिति हुँदै जिल्ला विकास समितिले व्यापक छलफल गरी तय गरेको निम्न बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**आ.व. २०७०/०७१ को लागि प्रस्तावित स्थानीय निकाय, विषयगत कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुको वार्षिक बजेट तथा कार्यक्रम**
**(विषयगत समिति अनुसार)**

| सि.नं | कार्यालय/संस्था | पूजीगत बजेट (कार्यक्रम) | प्रशासनिक चालु बजेट | जम्मा रु |
|---|---|---|---|---|
| **क** | **स्थानीय निकाय** | | | |
| १ | **जिल्ला विकास समिति** | ३२९६९०००० | ६३४२१००० | ३९३१११००० |
| २ | **गाउं विकास समिति** | १३९२००००० | ३००००००० | १६९२००००० |
| ३ | **सामाजिक सुरक्षा कार्यक्रम** | ० | १२६१००००० | १२६१००००० |
| | **जम्मा** | **४६८८९००००** | **२१९५२१०००** | **६८८४११०००** |
| **ख** | **विषयगत कार्यालयहरु तर्फ** | | | |
| १ | **कृषि समिति** | २४८९५८०० | २९४२६००० | ५४३२१८०० |
| २ | **उद्योग वन तथा वातावरण समिति** | २७४३२००० | ६७३०००० | ३४१६२००० |
| ३ | **सामाजिक विकास समिति** | ९६८२९२६४ | १९२५४८८२ | ११६०८४१४६ |
| ४ | **भौतिक पूर्वाधार विकास समिति** | ६२८८३०००० | ५६५८५००० | ६८५४१५००० |
| | **जम्मा** | **७७७९८७०६४** | **१११९९५८८२** | **८८९९८२९४६** |
| **ग** | **गैर सरकारी संस्था** | **२४४३७८७७९** | **१६९४६०५२** | **२६१३२४८३१** |
| | **कुल जम्मा रु** | **१४९१२५५८४३** | **३४८४६२९३४** | **१८३९७१८७७७** |

यसरी आ.व.२०७०/०७१ को लागि पाल्पा जिल्लाको समष्टिगत विकासका लागि कुल वजेट रु.१ अरव ८३ करोड ९७ लाख १८ हजार ७७७ प्रस्तावित गरिएको छ। यसमा स्थानीय निकाय तर्फ रु.६८ करोड ८४लाख ११ हजार, विषयगत कार्यालयहरु तर्फ ८८ करोड ९९ लखा ८२ हजार ९४६ र गैसस तर्फ २६ करोड १३ लाख २४ हजार ८३१ रहको छ।

यसरी कुल बजेट मध्ये चालु/संचालन तर्फ रु. ३४ करोड ८४ लाख ६२ हजार ९३४, पुंजीगत तर्फ रु. १ अरव ४९ करोड १२ लाख ५५ हजार ८४३ रहेको छ। यसरी कुल बजेटको चालु तर्फ करिव १८.९४ प्रतिशत र कार्यक्रम/पूँजीगत तर्फ ८१.०६ प्रतिशत हुन आएको देखिन्छ।

यस जिल्लाको विकासमा सहयोग पुऱ्याउने विश्व वैंक लगायत अन्तराष्ट्रिय संघ संस्था र दातृ निकायलाई धन्यवाद दिन चाहन्छु। साथै सहयोगको निरन्तरताको लागि अनुरोध समेत गर्दछु। पाल्पामा हाल अन्तराष्ट्रिय गैसस एवं संघ संस्थाहरुको कार्यक्रम घटदै गएको हुँदा पाल्पालीहरुको विकासमा सहयोग पुऱ्याउने त्यस्ता संस्थाहरुको उपस्थितिका लागि सम्वन्धित मन्त्रालयहरुको ध्यानाकार्षणका लागि अनुरोध गर्दछु।

पाल्पा जिल्लाको विकासमा कोशेढुङ्गा सावित हुने बजेट, नीति र कार्यक्रम यस परिषद्मा प्रस्तुत गरेको गर्दछु। यो समष्टिगत जिल्ला विकास योजना माथि प्रमुख अतिथिज्यू, राजनीतिक दलका प्रमुखज्यूहरु, पूर्व सभासद तथा सांसद ज्यूहरु, आमन्त्रित अतिथिज्यूहरुबाट अमूल्य सुझावहरु प्राप्त हुनेछ भन्ने आशा राखेको छु। जिल्ला विकास योजना तर्जुमा गर्नमा अमूल्य सहयोग पुऱ्याउनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, स्थानीय प्रशासन, विषयगत समितिका संयोजकहरु, सरकारी तथा गैर सरकारी कार्यालय संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, गाविस सचिवहरु, संचारकर्मीहरु तथा अहोरात्र खटने जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालयका सहकर्मी कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा हाम्रो आमन्त्रण स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू, राजनीतिक दलका प्रमुखज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु र सहभागीज्यूहरु एवं उपस्थित समस्त महानुभावहरु सवैमा पुनः हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

**धन्यवाद।**

**दीर्घ बहादुर पोखरेल**
**स्थानीय विकास अधिकारी**
**अध्यक्ष**
**(२१ औं जिल्ला परिषद्)**
**मिति २०६९ फाल्गुण २४ गते**

# २१ औं जिल्ला परिषद्‌बाट गरिएको निर्णयहरु

**१. जिल्ला विकास योजना र जि.वि.स को वजेट तथा कार्यक्रम पारित वारे :**

क) २०६९।११।२४ गते स्था.वि.अ.एवं जिल्ला परिषद् अध्यक्षबाट प्रस्तुत वार्षिक नीति, बजेट र कार्यक्रम सम्वन्धि मन्तव्य मार्फत पेश भएको चालु जिल्ला विकास योजनाको प्रगति समिक्षा सहित गत आ.व.को यथार्थ, चालु आवको संशोधित र आगामी आ.व ०७०/०७१ का लागि प्रस्तावित प्रमुख नीतिहरु, विषयगत क्षेत्रका नीतिहरु, जिल्ला विकास समिति, विषयगत कार्यालय, विभिन्न संघ संस्था र वित्तीय संस्थाहरुको जिविस बैठकले पेश गरे वमोजिम प्रस्तावित वजेट तथा कार्यक्रम परिषद बैठकमा प्रस्तुत सुझाब सहित स्विकृत गर्ने निर्णय गरियो ।

ख) राजश्व परामर्श समितिको परामर्शमा जिल्ला विकास समितिवाट निर्णय गरि पेश भएको संलग्न अनुसूचिहरु अनुसारका आ.व ०७०/०७१ को आन्तरिक आयका दरहरु कार्यान्वयनका लागि स्वीकृति गर्ने र आवश्यकता अनुसार परिमार्जन गर्न जि.वि.स.लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ग) राजश्व ठेक्का नलागेका श्रोतहरु लगायत अन्य नया श्रोतहरुको पहिचान र विकास गर्न कार्यक्रम वनाई विशेष पहल गर्न जि.वि.स.लाई निर्देशन दिने निर्णय गरियो ।

**२. जिविसबाट प्रस्तावित योजना, विनियम, निर्देशिका, कार्ययोजना स्विकृत गर्ने :**

जिविसको कार्य संचालन प्रक्रियामा सुधार ल्याउने उद्देश्यले प्रस्तुत गरिएका निम्न योजना, विनियम, निर्देशिका र कार्ययोजनाहरु उपर विस्तृत छलफल गरी स्विकृत गर्ने निर्णय गरियो ।

१. खरिद कार्य योजना-०७०/०७१
३. आन्तरिक लेखा परिक्षण कार्यविधि-२०६९
४. सुरपरिवेक्षण तथा अनुगमन कार्यविधि-२०६५ (संसोधन सहित)
५. सूचना व्यवस्थापन निर्देशिका-२०६५ (संसोधन सहित)
६. जिविसको संगठन विकास प्रतिवेदन-२०६९
७. सडक गुरुयोजना-२०६९
८. पाल्पा जिल्लाको सरसफाई रणनीतिक कार्ययोजना-२०६९

**३. लेखा परीक्षण प्रतिवेदन तथा वेरुजु सम्वन्धमा :**

परिषद्‌मा प्रस्तुत आ.व ०६८/६९ को म.ले.प. प्रतिवेदन माथि छलफल भयो, औंल्याइएका वेरुजुहरुको सम्वन्धमा सैद्धान्तिक वेरुजुहरुवाट औंल्याइएका कुराहरु लाई क्रमशः सुधार गर्न, फछ्र्यौट हुन वाँकी पेश्की वेरुजुहरुलाई तदारुकता साथ फछ्र्यौट गर्न, नियमित गर्न मिल्ने वेरुजुहरुलाई प्रमाणहरु संलग्न गरी नियमित गर्न र असुल गर्नुपर्ने वेरुजुहरुलाई असुल उपर गर्न जिल्ला विकास समितिलाई निर्देशन दिने निर्णय गरियो । प्रशासनिक खर्चमा आ.व ०६८/६९ मा तोकिएको भन्दा बढी खर्च भएको रकम रु.२८ लाख ५७ हजार नियमित गर्ने निर्णय गरियो । श्रेष्ता जली मिनाहा गर्नुपर्ने भई यस अघि सम्परिक्षणका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेश गरिएको वेरुजु रकम रु.१ करोड ५२ लाख ७ हजार ५३० सचिवस्तरीय निर्णय अनुसार फाईल र पत्रहरु संलग्न गरी केन्द्रिय तहसिल कार्यालयमा मन्त्रालयको च.नं. ५३६ मिति २०६८।११।१६ बाट मिन्हाको लागि कार्वाही अगाडि बढाइएको छ । वाँकी वेरुजुहरु छानवीन गरी प्रमाण संकलन गरी फर्छौटका लागि आवश्यक कार्वाहीका लागि जिल्ला विकास समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**४. न्यूनतम शर्त तथा कार्य सम्पादन मापन प्रतिवेदन**

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन प्रतिवेदन पेश भएकोमा जिल्ला विकास समिति, पाल्पाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) कार्यमा आ.व. २०६७/०६८ मा न्यूनतम शर्तका सवै सूचकहरु पुरा गरी कार्यसम्पादन मापनमा ७७ अंक प्राप्त गरी ७५ जिविस मध्ये चौथो तहको स्थान प्राप्त गरेकोले गत आ.व.को प्रगति उत्कृष्ट रहेको पाईयो । गत आ.व.२०६८/०६९ को यस आ.व.मा भएको मूल्यांकनमा जिविसले सन्तोषजनक नतिजा हासिल गरेको जानकारी मूल्यांकनकर्ताबाट पाइएको । गाविसको यस आ.व.मा भएको न्यूनतम् शर्तमापनमा ६५ गाविसहरु सफल भएको देखियो । सोही अनुसारको नतिजा आगामी दिनमा पनि प्राप्त गर्ने गरी जिविस र गाविसहरुलाई न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा कार्ययोजना बनाई काम गर्न निर्देशन दिने दिने निर्णय गरियो ।

**५. वार्षिक खरिद योजना, कार्य योजना र अनुगमन प्रतिवेदन**

जिल्ला विकास समितिबाट परित वार्षिक कार्य योजना सहित पेश भएको खरिद योजना स्विकृत गर्ने निर्णय गरियो । योजनाहरुको अनुगमन गरी पेश हुन आएका प्रतिवेदनहरुको सारांश माथि छलफल गरी अनुगमन तथा सुपरिवेक्षण समितिबाट प्राप्त प्रतिवेदन अनुमोदन गरियो । व्यवस्थित अनुगमन प्रणाली वसाल्न सूचक सहितको सुपरिवेक्षण तथा अनुगमन कार्यविधि, निर्देशिका अनुसार अनुगमन गर्ने निर्णय गरियो । साथै प्रतिवेदनमा प्राप्त सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**६. जिल्ला स्तरीय र केन्द्रस्तरीय समन्वयमा गर्ने कामहरु :**

जिल्ला स्तरीय र केन्द्रस्तरीय समन्वयमा गर्ने कामहरु सम्वन्धि बजेट मन्तव्यमा प्रस्तुत कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो । साथै जिल्ला विकास समितिको श्रोत साधनबाट  संचालन गर्न नसकिने कार्यक्रम तथा योजनाहरु केन्द्रस्तरबाट श्रोत साधन जुटाई संचालनको व्यवस्था मिलाउन जिल्ला विकास समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै इलाका स्तरबाट प्राथमिकता निर्धारण भै पेश हुन आई बजेट अभावले संवोधन गर्न नसकिएका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी श्रोतको आधारमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**७. विभिन्न समिति कार्यदलको प्रतिवेदन :**

गत जिल्ला परिषद् देखि हालसम्मको वेरुजु फछ्यौट कार्यदलको प्रतिवेदन र वेरुजु लगत, राजश्व वाडफाँड समितिको प्रतिवेदन, राजश्व परामर्श समितिको प्रतिवेदन, जाचपास समितिको प्रतिवेदन, जिविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको प्रतिवेदन, पदपूर्ति समितिको प्रतिवेदन, लक्षित वर्ग कार्यक्रम तर्फको प्रतिवेदन, राजश्व प्रक्षेपण कार्यदलको प्रतिवेदन, स्थानीय विकास कोषको प्रतिवेदन, खरिद योजना सम्वन्धि प्रतिवेदन अनुमोदनको लागि पेश भएकोमा छलफल पछि पारित गर्ने निर्णय गरियो ।

**८. जिल्लाको सरसफाई रणनैतिक कार्ययोजना :**

जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, पाल्पाद्वारा तयार गरी प्रस्तुत गरिएको पाल्पा जिल्लाको सरसफाई रणनैतिक कार्ययोजना-२०६९ पारित गर्ने निर्णय गरियो ।

## ९. अन्य थप निर्णयहरु :

**१. संगठनात्मक स्वरुप तथा दरवन्दी**

गत परिषद्बाट पारित भै कार्यान्वयनमा रहेको जिविसको यसै योजनामा संलग्न गरिएको कर्मचारी दरवन्दिमा संगठन सुधार तथा विस्तारका सम्वन्धमा जिल्ला विकास समितिमा बढदै गैरहेको कार्य जिम्मेवारी तथा कार्यचाप र सोमा कार्यरत कर्मचारिहरुको विषयलाई दृष्टिगत गरी वर्तमान संगठनात्मक संरचनामा सुधार ल्याई कार्य जिम्मेवारी एवं कार्यचाप अनुकुल तयार गरिएको जिविसको संगठन विकास प्रतिवेदन-२०६९ पारित गर्ने निर्णय गरियो । साथै सो प्रतिवेदनको आधारमा स्विकृत दरवन्दीलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**थप तथा संशोधित दरवन्दी**

क. एकजना वरिष्ठ कार्यक्रम अधिकृत, सातौ तह दरवन्दि सृजना गर्ने ।
ख. योजना शाखामा एक जना ना.सु. पाचौ तह दरवन्दि थप गर्ने ।
ग. निर्माण कार्यको प्रयोगशाला परिक्षणका लागि एक पद ल्यावटेक्निसियन पाचौतह सृजना गर्ने ।
घ. सामाजिक विकास शाखामा एक जना पाचौं तहको सामाजिक परिचालक पद सृजना गर्ने ।
ङ. जि.वि.स.का सम्पूर्ण वैठकहरुको समन्वय गर्ने एक जना पाचौं तहको वैठक समन्वय सहायकको पद सृजना गर्ने ।
च. इलेक्ट्रिकल पाचौं तह सव इन्जिनियर एक पद सृजना गर्ने ।
छ. साविकमा प्राविधिक सहायको रुपमा कार्यरत तारा खत्रीलाई प्रशासन चौथो तह खरिदारमा पद परिवर्तन गर्ने र निजको पद प्रयोगशाला साहयक चौथो रहने गरी पद कायम गर्ने ।

**खारेजी गर्ने पदहरुको विवरण**

क. अधिकृत सातौतहमा वढुवा भए पछि छैठौं तह कार्यक्रम अधिकृत १ पद खारेज गर्ने ।
ख. हाल ६ जना खरिदारको दरवन्दि रहेकोमा २ जनाको दरवन्दि खारेज गर्ने ।
ग. २ मुखिया दरवन्दि खरिदारमा स्वतः बढुवा भए पछि को सो २ पद खारेज गर्ने ।
घ. रिक्त रहेको १ ड्राईभार पद खारेज गर्ने ।
ङ. रिक्त रहेको १ भान्से पद खारेज गर्ने ।

साथै जिविस दरवन्दीको विस्तृत विवरण निम्नानुसार रहेन गरी निर्णय गरियो :

| क्र.सं. | पद | तह श्रेणी | मैजुदा दरवन्दी | थपघट गर्ने प्रस्तावित दरवन्दि सख्या | | कायम हुने संख्या | नेपाल सरकार/प्रशासन अनुदान/जिविस कोष |
|---|---|---|---|---|---|---|---|
| | | | | थप हुने | घटने | | |
| १ | स्थानीय विकास अधिकारी | रा.प.द्धितिय | १ | ० | ० | १ | नेपाल सरकार तर्फ |
| २ | योजना अनुगमन तथा प्रशासकीय अधिकृत | रा.प. तृतीय | १ | ० | ० | १ | ,, |
| ३ | लेखा अधिकृत | ,, ,, | १ | ० | ० | १ | नेपाल सरकार तर्फ |
| ४ | वरिष्ठ कार्यक्रम अधिकृत | अ. सातौतह | ० | १ | | १ | जिविस कोष तर्फ |
| ५ | कार्यक्रम अधिकृत | अ. छैठौ तह | २ | | १ (बढुवा पश्चात) | १ | ,, ,, |
| ६ | आलेप अधिकारी | छैठो तह | १ | ० | ० | १ | प्रशासन अनुदान तर्फ |
| ७ | लेखापाल | रा.प.अ.नं. प्रथम | १ | ० | ० | १ | नेपाल सरकार तर्फ |
| ८ | वैठक समन्वय सहायक | पाचौतह | ० | १ | ० | १ | जिविस कोष तर्फ |
| ९ | सामाजिक परिचालक | पाचौतह | ० | १ | ० | १ | ,, ,, |
| १० | नायव सुव्वा | पाचौतह | २ | १ | ० | ३ | १ जिविस कोष, २ प्रशासन अनुदान |
| ११ | सं.इं (ओसि) | पाचौतह | २ सिभिल | १ ईलेक्टिकल | ० | ३ | २ जिविस कोष, १ प्रशासन अनुदान |
| १२ | ल्याव टेक्निसियन | पाचौतह | ० | १ | ० | १ | जिविस कोष तर्फ |
| १३ | खरिदार | रा.प.अन. द्धितिय | २ | ० | ० | २ | नेपाल सरकार तर्फ |
| १४ | खरिदार | चैाथौतह | ६ | | २ घटाउने र १ पद परिवर्तन गर्ने | ४ | प्रशासन अनुदान तर्फ |
| १५ | असिस्टेण्ट सव ईन्जिनियर | चैाथौतह | ३ | ० | ० | ३ | ,, ,, |
| १६ | सह लेखापाल | चैाथौतह | १ | | ० | १ | ,, ,, |
| १७ | टाइपिष्ट खरिदार | चैाथौतह | १ | | ० | १ | ,, ,, |
| १८ | सहायक क. अ. | चैाथौतह | १ | | ० | १ | जिविस कोष तर्फ |
| १९ | प्राविधिक सहायक | चैाथौतह | १ | ० | पद परिवर्तन १ | ० | ,, ,, |
| २० | प्रयोगशाला सहायक | चैाथौतह | ० | १ | ० | १ | ,, ,, |
| २१ | मुखिया | तृतिय | २ | | २ | ० | प्रशासन अनुदान तर्फ |
| २२ | ड्राइभर | श्रेणिविहिन | ३ | | १ | २ | १ जिविस कोष, १ प्रशासन अनुदान |
| २३ | कार्यलय सहयोगि | ,, ,, | ५ | | ० | ५ | प्रशासन अनुदान तर्फ |
| २४ | भान्से (सभापति र स्थाविअ) | ,, ,, | ३ | | १ घटाउने | २ | ,, ,, |
| | **जम्मा** | | **३९** | ७ | ८ | **३८** | |
| १ | **गाविस सचिव** | रा.प.अन. प्रथम | ५ | | ० | ५ | नेपाल सरकार तर्फ |
| २ | **गविस सचिव** | रा.प.अन.द्धितिय | ६० | | ० | ६० | ,, ,, |
| | **कुल जम्मा** | | **१०४** | **७** | **८** | **१०३** | |

## २. जिविसको निर्णय अनुमोदन

गत जिल्ला परिषद् देखि यस जिल्ला परिषद्सम्मको अवधिमा जिविस/स्था.वि.अ.ले गरेका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने र आगामी परिषद् सम्मका लागि जिविस परिषद्को अधिकार जिविस बैठक/स्थानीय विकास अधिकारीलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## ३. अधिकार प्रत्यायोजन

जिविसको योजना संचालन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, करको थप क्षेत्र पहिचान गर्ने, करको दर तोक्ने र परिमार्जन गर्ने, संसोधन गर्ने, ठेक अंक घटवढ गर्ने, बजेट थपघटका कारण स्विकृत कार्यक्रम परिमार्जन गर्ने लगायतका स्थानीय स्वायत्त शासन ऐनको दफा १८८ अनुसार आवश्यक विनियम निर्देशिका स्विकृत गरी लागु गर्ने, जिविसको सम्पत्ती व्यवस्थापन गर्ने, पे.फ.गर्ने गराउने, आन्तरिक श्रोतको संभाव्यता, संकलन र परिचालन गर्ने, दातृ निकाय र संघ संस्थासंग संझौता गरी कार्यक्रम संचालन गर्ने, जिन्सी मालसामान लिलाम विक्रि मिनाहा धुल्याउने, जिविसको सम्पत्ती भाडामा दिने, जिविसको श्रोत हेरी कर्मचारीहरुलाई थप सुविधा दिने आदि अधिकार जिविस/स्थानीय विकास अधिकारीलाई र स्थानीय आ.प्र.नियमावलीको नियम ४७, ४८ र ४९ बमाजिमको बोलपत्र, दरभाउपत्र, परामर्श सेवाको स्विकृतीको कार्य गर्न स्थानीय विकास अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## ४. गत आ.व.देखिका परिमार्जित वाहेक अन्य नीतिहरु यथावत राख्ने :

हाल संसोधन गरिएका वाहेक गत परिषद् देखि क्रमागत नीतिगत निर्णय एवं व्यवस्थाहरु यथावत राख्ने निर्णय गरियो ।

- १५ लाख भन्दा वढी लागत हुने आयोजनाहरुको पूर्व संभाव्यता र प्रभाव मूल्यांकन गर्न निर्देशन दिने निर्णय गरियो ।
- प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुका लागि यस अघि जिविस बाट व्यवस्था भएको सेवा सुविधाहरु सम्वन्धमा दैनिक भ्रमण भत्ता तथा फिल्ड भत्तालाई मितव्ययी वनाउन जिल्ला विकास समितिमा रहेका निजामति, प्रशासन अनुदान, जिविस कोष, कन्टिन्जेन्सी जस्ता दरबन्दीहरु रहेका कर्मचारीलाई दैनिक भ्रमण भत्ता तथा फिल्ड भत्ता मध्ये के कस्तो सुविधा उपलव्ध गराउदा कार्य सम्पादनमा प्रभावकारीता आउने, कर्मचारीहरुको मनोवल वृद्धि हुने तथा समष्टिगत जिल्ला विकासको खर्चमा कटौती आउन सक्छ, सो सम्वन्धमा अध्ययन गरी उपयुक्त व्यवस्था गर्न स्थानीय विकास अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।
- घरभाडा (स्था.वि.अ.निवास) यथावत दिने निर्णय गरियो ।

## ५. योजना कार्यान्वयन र व्यवस्थापन सम्वन्धी

योजना संचालन सम्वन्धमा कार्यक्रम कार्यान्वयन निर्देशिकामा व्यवस्था भए सो वमोजिम र अन्य अवस्थामा विगतका जिल्ला परिषदवाट पारित जनसहभागिताको प्रतिशत, मर्मत संभार कोषको प्रतिशत लगायत अन्य नीतिगत कुराहरु आगामी वर्ष पनि यथावत कायम गर्ने र आवश्यक परिमार्जन गर्न जि.वि.स.वोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । यसवारे सर्वदलिय अनुगमन समितिका सुझावहरु, विषयगत योजना तर्जुमा समितिवाट प्रस्तुत सुझावहरु, जि.वि.स.का पूर्व निर्णयलाई समायोजन गरी उपयुक्त नीति रणनीति र कार्य प्रकृया निर्धारण गरी लागु गर्ने निर्णय गरियो ।

**६. खानीजन्य पदार्थको राजश्व सम्वन्धमा :**

खानीजन्य पदार्थको इजाजत पत्र प्रदान, नवीकरण जस्ता कार्य जि.वि.स.वाटनै हुने व्यवस्था भएकाले उक्त कार्य वापत प्राप्त हुने राजश्व जिविस कोषमा नै जम्मा हुने व्यवस्था गर्न आवश्यक देखिएकोले सो व्यवस्थाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**७. केन्द्रिय योजना लगायतका मागहरु सम्वन्धी :**

मिति २०६९ फाल्गुण २४ गते सम्पन्न भएको २१ औं जिल्ला परिषदमा प्रस्तावित भइ आएका योजना तथा कार्यक्रमहरुलाई केन्द्रिय योजना लगायत सम्वन्धित निकायहरुको कार्यक्रममा समावेश गरी सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरुबाट गरिएका अनुकरणीय विकास क्रियाकलापहरुलाई प्रवद्धन गरी त्यसको अन्य क्षेत्रमा कार्यान्वयन गर्न साधन श्रोतको व्यवस्था मिलाउन जिल्ला विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**८. आवधिक जिल्ला विकास योजनाको अवधि**

आवधिक जिल्ला विकास योजनाको अवधि समाप्त भएको, अर्को आवधिक योजना नवनिसकेको, उक्त योजनाका विषयगत कतिपय आयोजनाहरु हाल पनि कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको र कार्यक्रमहरु हालसम्म पनि सान्दर्भिक रहेकाले आगामि वर्ष सम्मका लागि उक्त आवधिक जिल्ला विकास योजनाको अवधि थप गरी गत परिषद्ले गरेको निर्णय यथावत राख्ने निर्णय गरियो । साथै हाल जनप्रतिनिधि नभएको अवस्थाका कारण यस अघि निर्माण भएको आवधिक जिल्ला विकास योजनालाई आधार मानी जिल्लास्तरीय कार्यक्रमहरु तर्जुमा गर्ने र विभिन्न निकायहरु संग समन्वय गरी आवधिक जिल्ला विकास योजना अद्यावधिक गर्ने व्यवस्था मिलाउन जिल्ला विकास समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**९. स्थानीय विपद् न्यूनिकरण व्यवस्थापन योजना**

पाल्पा जिल्लामा जिल्ला दैवी प्रकोप उद्धार समितिको सक्रियतामा तयार गरिएको पाल्पा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना- २०६८ स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको स्थानीय विपद व्यवस्थापन निर्देशिका-२०६८ अनुसार सम्पूर्ण गाउँ विकास समिति र नगरपालिकालाई विपद न्यूनिकररण व्यवस्थापन योजना निर्माण गर्ने व्यवस्थाका लागि समन्वय गर्न जिविसलाई निर्देशन गर्ने निर्णय गरियो ।

**१०. प्रस्तुत विभिन्नन विभिन्न प्रतिवेदन**

जिल्ला विकास समितिबाट छलफल गरी यस परिषदमा पेश गरिएका निम्न प्रतिवेदनहरु पारित गर्ने निर्णय गरियो ।

- वेरुजु फछ्यौट कार्यदलको प्रतिवेदन
- राजश्व परामर्श समितिको प्रतिवेदन
- जाचपास समितिको प्रतिवेदन
- जिविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको प्रतिवेदन
- पदपूर्ति समितिको प्रतिवेदन
- लक्षित वर्ग कार्यक्रम तर्फको प्रतिवेदन
- राजश्व प्रक्षेपण कार्यदलको प्रतिवेदन
- स्थानीय विकास कोषको प्रतिवेदन
